का.जि.प्र.का.द.नं. १००/०५९/६०
१४ पुस २०८२
सोमबार
29 December 2025
Monday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २३, अंक ३१९ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

## बालेनलाई अघि सारेर चुनावमा रास्वपा

# नयाँ उत्साहित झस्किए पुराना



पार्टीको नेतृत्व रवि र सरकारमा पुगेको खण्डमा बालेनले नेतृत्व गर्ने भन्ने भइसकेपछि पार्टीमा उहाँलाई वरिष्ठ नेताको भूमिकामा राख्ने छौं ।

● **स्वर्णिम वाग्ले**
**रास्वपा उपसभापति**



पुराना दलहरूलाई विस्थापित गर्न नयाँहरूको सहमति भयो भन्नुले राजनीति रूपमा एउटा अर्थ लाग्ला तर यथार्थमा त्यसले राजनीतिक एजेन्डाको तहमा खासै काम लाग्दैन ।

● **मुमाराम खनाल**
**राजनीतिक विश्लेषक**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १३ पुस

काठमाडौं महानगरपालिकाका नगर प्रमुख बालेन्द्र (बालेन) शाहलाई भावी प्रधानमन्त्रीका रूपमा अघि सारेर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) चुनावमा जाने भएको छ । रास्वपा सभापति रवि लामिछाने र बालेनबीच सातबुँदे सहमति गर्दै बालेनले दलीय राजनीति सुरु गरेका छन् । उनीहरू मिलेर चुनावमा जाने भएपछि वैकल्पिक दाबी गर्दै आएका दल र जेनजी समूहमा उत्साह देखिएको छ । गत निर्वाचनबाट उदाएका यी दुई नेता एकठाउँ उभिए निर्णयले राजनीतिक वृत्तमा नयाँ तरंग सिर्जना गरेको छ ।

नयाँ शक्तिहरूबीचको एकताले आउँदो चुनावमा वैकल्पिक धार बलियो हुने अड्कलबाजी सुरु भएको छ । जेनजी आन्दोलनका अगुवाले पुराना दलहरूको विकल्प खोजिरहेका बेला भएको सहमतिले वैकल्पिक शक्तिलाई मूलधारमा ल्याउने विश्लेषण पनि गर्न थालिएको छ । केहीले भने पदीय भागबन्डासहित गरिएको सहमतिलाई स्वार्थको रोटी सेकाइ भनेका छन् ।



जेनजी अगुवाहरूको भरपर्दो दल निर्माण नभइरहेका बेला रवि-बालेन एकताले नयाँ पुस्ताको मत पाउने विश्वास रास्वपा नेताहरूको छ । गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनपछि मुलुकको राज्यसत्तामा उलटफेर आएको थियो । आन्दोलनका क्रममा सत्ता छाडेर भागाभाग भएका पुराना दलका नेता तंग्रिदै गर्दा नयाँ शक्तिबीच ध्रुवीकरण भएको हो । यसले विघटित प्रतिनिधि सभाका मुख्य दलहरू नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टीलाई समेत दबाबमा राख्ने राजनीतिक विश्लेषक बताउँछन् ।

पुराना दलहरूको विकल्पमा रास्वपालगायत नयाँ दलहरू चुनावी रणनीति बनाउँदै छन् । नयाँ शक्तिबीचको ध्रुवीकरणले पुराना दलमाथि चुनावी नतिजाको त्रास बढाएको देखिन्छ । यद्यपि बहुदलीय पद्धतिमा नयाँ दलहरू आउने कुरालाई सामान्य रूपमा लिनुपर्ने राजनीतिक विश्लेषक पुरुषोत्तम दाहाल बताउँछन् । 'बहुदलीय पद्धतिमा नयाँ दलहरू नेतृत्वमा आउने कुरालाई असामान्य रूपमा लिनुहुँदैन,' उनले मध्यान्हसँग भने, 'पहिलेदेखि नै राज्य सत्तामा >>> पृष्ठ २ मा

# फेरि मिले उपेन्द्र र महन्थ



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १३ पुस

मधेश केन्द्रित दल पनि एकता र ध्रुवीकरणमा लागेका छन् । जनता समाजवादी पार्टी नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) त एक भइसके । आइतबार नै जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र लोसपाका अध्यक्ष महन्थ ठाकुरले पार्टी एकता गरेका छन् ।

सहमति पत्रमा दुवै पार्टीका नेतृत्वले हस्ताक्षर गरेका छन् । नेताहरूका अनुसार वर्तमान राजनीतिक परिस्थितिको मूल्यांकन एवं विश्लेषण गरेर एकता गरिएको निर्णय गरिएको हो ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालिलाई संस्थागत गर्दै संघीयता, पहिचान, समानुपातिक समावेशिता, समाजिक न्याय लगायतको अग्रगामी परिवर्तनका मुद्दा मजबुत गर्न एकता गरिएको उनीहरूको भनाइ छ ।

यी दुवै नेता मधेशका प्रमुख नेता हुन् । यादव मधेसी अधिकार, संघीयता, समावेशिता र पहिचानको राजनीतिका निरन्तर पैरवीकर्ता मानिन्छन् । २०६३ सालको मधेस आन्दोलनपछि राष्ट्रिय राजनीतिमा उदाएका यादव उपप्रधानमन्त्री, परराष्ट्रमन्त्री तथा स्वास्थ्यमन्त्री भए । संविधान संशोधन, मधेशको समान प्रतिनिधित्व र राज्य पुनर्संरचनाका विषयमा उनी स्पष्ट र अडानयुक्त धारणा राख्ने नेताका रूपमा चिनिन्छन् । तर बारम्बार दल विभाजन र सरकारमा सहभागी हुने-नहुने निर्णयका कारण उनी आलोचनाको केन्द्रमा पनि रहँदै आएका छन् ।

> वैकल्पिक शक्तिहरू एक हुने प्रयासमा रहेका बेला मधेश केन्द्रित दलहरू पनि एकता र ध्रुवीकरणको प्रयासमा छन् । यसअन्तर्गत जसपा नेपाल र लोसपा मिलेका हुन् ।

नेता ठाकुर पनि नेपालका अनुभवी मधेसी नेता तथा लोकतान्त्रिक आन्दोलनका पुराना नेता हुन् । पञ्चायतकालदेखि नै राजनीतिमा सक्रिय ठाकुर नेपाली कांग्रेस हुँदै मधेस केन्द्रित राजनीतिमा प्रवेश गरेका हुन् । मधेस आन्दोलनलाई शान्तिपूर्ण राजनीतिक धारमा ल्याउन उनले खेलेको भूमिका कतिपयले स्मरण गर्ने गरेका छन् । वार्ता, सहमति र संसदीय अभ्यासमा विश्वास गर्ने ठाकुर निर्वाचनबाट >>> पृष्ठ २ मा



# गरिबीले रोकेन सपनाको उडान

## मजदुरी गर्दै पढेका सत्यनारायणलाई एमबिबिएसमा पूर्ण छात्रवृत्ति

**मनु यादव निरज/मध्यान्ह**
सिरहा, १३ पुस

दैनिक मजदुरीमै उनको परिवारले हातमुख जोड्दै आएको छ । गरिबीकै बीच उनले डाक्टर बन्ने सपना देखे । तर घरपरिवार र गाउँले कसैले पत्याएनन् । सिरहाको बरियारपट्टीका २१ वर्षीय सत्यनारायण साफीले एमबिबिएस पढ्न पूर्ण छात्रवृत्तिमा नाम निकालेर सिंगो गाउँलाई खुसी दिएका छन् ।

चिकित्सा शिक्षा आयोगले १५ कात्तिकमा लिएको एमबिबिएस प्रवेश परीक्षामा साफीले पूर्ण छात्रवृत्तिमा नाम निकालेका हुन् । बरियारपट्टी गाउँपालिका-२ श्रीपुरका साफी दैनिक मजदुरी गर्छन् । बिहान ८ बजेदेखि साँझ ५ बजेसम्म घर निर्माणमा गिट्टी, बालुवा, सिमेन्ट बोकेर मजदुरी गर्छन् । दिनभर कामले थकित शरीर लिएर उनी रातभर एमबिबिएस प्रवेश परीक्षाको तयारी गर्थे । यही संघर्षले उनी पूर्ण छात्रवृत्तिमा एमबिबिएस पढ्ने अवसर पाए । >>> पृष्ठ २ मा

## आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं ।

- आगो तथा हीटर नजिकबाट नतापौं ।
- कागज, कपडा जस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरको नजिक नराखौं ।
- कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- आगो तथा हीटर बन्द गरेर मात्र सुतौं ।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं ।
- बालबालिका, वृद्ध वा बिरामीलाई आगो वा हीटर नजिक एक्लै नछोडौं ।
- घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**वैदेशिक रोजगार विशेष**

## उच्च अदालत पाटनद्वारा प्रधानमन्त्री कार्यालयको निर्देशन झिकाउने आदेश

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ पुस

उच्च अदालत पाटनले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षणका लागि गरिएको शुल्क वृद्धि खारेजविरुद्धको रिटमा प्रधानमन्त्री कार्यालयको निर्देशन झिकाउने आदेश दिएको छ ।

शुल्क वृद्धि खारेज गर्ने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको निर्णयविरुद्ध परेको उत्प्रेषण रिटमा आइतबार उच्च अदालत पाटनले उक्त आदेश दिएको हो । प्रधानमन्त्री कार्यालयबाट भएको निर्देशन पेस भएपछि आगामी बिहीबार अन्तरिम आदेशका लागि पुनः बहस हुने आइतबारको छलफलमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका तर्फबाट उपस्थित रहेका वरिष्ठ अधिवक्ता देवराज कटुवालले जानकारी दिए ।

आइतबार न्यायाधीशद्वय कविप्रसाद न्यौपाने र शिवबहादुर रानाभाटको संयुक्त इजलासमा >>> पृष्ठ २ मा

### मलेसियामा पक्राउ परेका ९० हजार विदेशीमध्ये ७६९ जना नेपाली

**काठमाडौं/मस-** मलेसियामा सन् २०२५ डिसेम्बरसम्म ९० हजारभन्दा बढी अवैध विदेशी आप्रवासी पक्राउ परेका छन् । त्यसमध्ये नेपाली नागरिकको संख्या ७ सय ६९ रहेको छ ।

सञ्चालन गरिएका १३ हजार ६ सय ७८ वटा अपरेसनमा २ लाख ३५ हजार ३ सय ४३ जना विदेशी नागरिकको जाँच गरिएको मलेसियाको अध्यागमन विभागले बताएको छ । >>> पृष्ठ २ मा

**VACANCY ANNOUNCEMENT**

One of the Leading recruitment agency is seeking for following applicants.

- Operation Manager - 01
- Accountant - 01
- Documentation officer with Social media handler - 02
- PRO - 02
- Receptionist - 02

SALARY & BONUS Negotiable

**Requirements:**
- Candidate should have an experienced in the related field with good command over English, MS Office package & Photoshop.
- Bachelor's Degree & above for SN 1 &2. For others 10+2 & above

AARAV GLOBAL RECRUITMENT PVT. LTD.
श्रम इजाजत पत्र नं. १२२५/०७४/७५
एकताटोल, सिनामंगल, काठमाडौं
(Opposite Hyundai Service Center)
फोन: ०१-४५९२९०५, ०१-४५९२९०६
WhatsApp +977 985189211,9802323195
Email: recruitment.aarav@gmail.com

# उपसभामुख रानाले दिइन् राजीनामा सभामुखले माघ ५ गते दिने तयारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ पुस

प्रतिनिधिसभा उपसभामुख इन्दिरा रानाले पदावधि बाँकी छँदै पदबाट राजीनामा दिएकी छन् । आगामी निर्वाचनको प्रत्यक्षतर्फको उम्मेदवारी मनोनयन गर्ने अघिल्लो दिनसम्म पदमा बहाल रहने संवैधानिक व्यवस्था भए पनि उनले राजीनामा दिएकी हुन् ।

निर्वाचन आयोगले आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा निर्वाचनका लागि समानुपातिक तर्फको बन्दसूची बुझाउने समय आइतबार र सोमबार तोकिएको छ ।

संघीय संसद् सचिवालयका अनुसार नेपालको संविधानको धारा ९१ को उपदफा ६ (क) मा प्रतिनिधिसभा विघटन भएको अवस्थामा सभामुख र उपसभामुख अर्को निर्वाचनका लागि उम्मेदवारी दाखिल गर्ने अघिल्लो दिनसम्म पदमा बहाल रहने व्यवस्था छ।



संवैधानिक प्रावधान र विगतको अभ्यासलाई आधार मान्दै सभामुख घिमिरेले माघ ५ गतेसम्म कार्यभार सम्हाल्ने तयारी गरेका छन् । राना राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट सांसद निर्वाचित भएर उपसभामुख बनेकी थिइन् । यस्तै रानाले संसद् सचिवालयलाई गाडी फिर्ता गरेकी छन्। रानाले आफूले चढ्दै आएको गाडी र चाबी बुझाएकी हुन् ।

यसैबीच सभामुख देवराज घिमिरेले आगामी माघ ५ गते राजीनामा दिने भएका छन् । संविधानको धारा ९१ अनुसार सभामुख र उपसभामुखको पदावधि प्रत्यक्षतर्फको उम्मेदवारी मनोनयन गर्ने अघिल्लो दिनसम्म कायम रहने व्यवस्था भएकाले घिमिरेले माघ ६ गते हुने उम्मेदवारी दर्ताअघि पद छोड्ने तयारी गरेका हुन् । सभामुखका प्रेस सल्लाहकार शेखर अधिकारीका अनुसार निर्वाचन आयोगले फागुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचनका लागि माघ ६ गते उम्मेदवारी दर्ता हुने कार्यक्रम प्रकाशित गरेको छ । एमालेबाट प्रत्यक्ष उम्मेदवार बनेका घिमिरे झापा क्षेत्र नं. २ बाट निर्वाचित भएका थिए । उनी स्वतन्त्र उम्मेदवार भद्रप्रसाद नेपाललाई २ हजार २५६ मतान्तरले पराजित गर्दै विजयी भएका थिए ।

# सेना परिचालनबारे अध्यक्ष ओलीको अभिव्यक्तिलाई गलत व्याख्या गरियो : एमाले

**काठमाडौं/मस**–नेकपा (एमाले)ले प्रधानमन्त्रीसँगको भेटमा पार्टी अध्यक्ष केपी शर्मा ओलीले सेना परिचालन सम्बन्धमा राखेको अभिव्यक्तिलाई गलत तरिकाले व्याख्या गरिएको भन्दै आपत्ति जनाएको छ ।



आइतबार पार्टी मुख्यालय च्यासलमा बसेको सचिवालय बैठकपछि कुरा गर्दै उपमहासचिव लेखराज भट्टले यस्तो जानकारी दिएका हुन् । उनका अनुसार, अध्यक्ष ओलीले सेना परिचालनबारे राखेको कुरालाई बाहिर गलत ढंगले प्रचार गरिएको भन्दै बैठकमा असन्तुष्टि व्यक्त गरेका थिए । उपमहासचिव भट्टका अनुसार, शीर्ष नेतासहित प्रधानमन्त्रीसँगको छलफलमा अध्यक्ष ओलीले सुरक्षा दिने सेनाले हो कि प्रहरीले ? भनी प्रश्न गरेका थिए । तर सोही विषयलाई तोडमोड गरी आसन्न प्रतिनिधिसभा निर्वाचनमा सेना परिचालन गर्न नहुने भनी अध्यक्षले अभिव्यक्ति दिएको भन्ने भ्रम फैलाइएको भट्टले स्पष्ट पारे।

बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै उनले भने, 'हिजो प्रधानमन्त्रीकहाँ जाँदा अध्यक्षज्यूले 'निर्वाचनको वातावरण बन्छ कि बन्दैन ?' भनेर सोधे, 'अहिलेको अवस्था प्रतिक्रान्ति र प्रतिगमन हो, लोकतान्त्रिक विधि-पद्धतिबाट संसद् विघटन नगरी जसरी अघि बढ्नुपर्थ्यो, त्यो भएन भन्ने उहाँको धारणा थियो ।'

भट्टले भने, 'निर्वाचनको वातावरण बनाउन सेना परिचालन गर्ने प्रसंग आउँदा उहाँले सुरक्षा दिने सेनाले हो कि प्रहरीले ? सेना त बाहिरी घेरामा हुन्छ' भन्नुभएको थियो । यही कुरालाई लिएर जसरी भ्रम फैलाइयो, त्यसमा हाम्रो आपत्ति छ ।'

साथै, प्रधानमन्त्रीसँगको छलफलमा अध्यक्ष ओलीले सरकारको गठन र सञ्चालन लोकतान्त्रिक र संवैधानिक ढंगबाट नभएको धारणा राखेको भट्टले उल्लेख गरे ।

**समानुपातिकतर्फको बन्दसूची आयोगमा बुझाउने निर्णय**

एमालेले आसन्न फागुन २१ गते हुने निर्वाचनका लागि सामानुपातिकतर्फका उम्मेदवारको बन्द सूची निर्वाचन आयोगमा बुझाउने निर्णय गरेको छ । केन्द्रीय कार्यालयमा बसेको बैठकले सोमबार आयोगमा समानुपातिकतर्फको बन्दसूची बुझाउने निर्णय गरेको एमालेका उपमहासचिव लेखराज भट्टले बैठकपछि पत्रकार सम्मेलनमा जानकारी दिए ।

उनका अनुसार पार्टीले जिल्ला र प्रदेशबाट प्राप्त समानुपातिकतर्फ उम्मेदवार बन्द सूचीलाई नै अन्तिम रूप दिएर आयोगमा बुझाउने छ। उपमहासचिव भट्टले बैठकमा अध्यक्ष केपी शर्मा ओलीद्वारा पेस गरिएको समानुपातिकतर्फको बन्द सूचीका विषयमा छलफल भएको बताए ।

निर्वाचन आयोगले सोमबारसम्म निर्वाचनमा भाग लिने दललाई समानुपातिकतर्फको बन्द सूची बुझाउने समय तोकेको छ । 'अध्यक्ष ओलीले आज पेस गर्नुभएको बन्द सूचीबारे छलफल गरी पारित गरिएको छ । अध्यक्ष ओलीले आवश्यक ठानेमा बन्द सूचीलाई सच्चाएर आयोगमा पठाउने निर्णय गरिएको छ,' उनले भने ।

बैठकमा अध्यक्ष ओलीले निर्वाचन भयरहित बनाउने र पार्टीका नेता तथा कार्यकर्ता टोलसम्म जाने वातावरण अझै नभएको भन्दै सुरक्षा प्रत्याभूति सरकारले अझै बनाउन नसकेको बताए । उपमहासचिव भट्टका अनुसार अध्यक्ष ओलीले पार्टीको जनवर्गीय संगठन नेशनल भोलिन्टियर्स फोर्स प्रत्येक बुथमा राख्नुपर्नेमा जोड दिए । पार्टीको ११औं राष्ट्रिय महाधिवेशनपछि पहिलो पटक सचिवालय बैठक बसेको हो ।

# त्रिवि सेवा आयोगमा तालाबन्दी

**काठमाडौं/मस**–कम्प्युटर साइन्स अल्मुनाइ र विद्यार्थी एसोसियन कम्प्युटर साइन्सले त्रिवि सेवा आयोग र विज्ञान तथा प्रविधि अध्ययन संस्थानमा तालाबन्दी गरेको छ। पुस १५ गते हुन गइरहेको कम्प्युटर विज्ञान पदको प्रथम पत्रको परिक्षा स्थगित गर्नुपर्ने माग राख्दै तालाबन्दी गरिएको हो ।



उम्मेदवारी दरखास्त स्वीकृत भएका सम्पूर्ण उम्मेद्वार हरुको शैक्षिक योग्यता विषय समितिको निर्णयअनुसार जाँच गरी अन्तिम उम्मेद्वार नामावली प्रकाशन गरिनुपर्ने र त्यसपश्चात मात्र परीक्षाको मिति तय गरिनुपर्ने माग उनीहरूको छ ।

'सेवा आयोगद्वारा कम्प्युटर विज्ञान पदका लागि प्रकाशित हालको विज्ञापन नं. ११८५/२०८१-८२ अन्तर्गत, यसअघि नै अयोग्य ठहर भई नामावलीबाट हटाइएका तथा विषय र योग्यता नमिल्ने उम्मेदवारहरूलाई पुनःयोग्य घोषित गरी थप नामावलीमार्फत सार्वजनिक गरिएको विषयप्रति हामी गम्भीर आपत्ति प्रकट गर्दछौं,' विज्ञप्तिमा भनिएको छ ।

## नयाँ...

बसेकाहरू झस्कनुपर्ने कारण छैन । तर उनीहरूले आफूलाई कहाँ उभ्याउँछन् र समयानुकूल कसरी प्रस्तुत हुन्छन् भन्ने कुरा महत्वपूर्ण हुन्छ ।'

रास्वपा २०७९ को मंसिरमा भएको प्रतिनिधि सभा निर्वाचनमार्फत राष्ट्रिय राजनीतिमा उदाएको थियो । त्यसअघि बालेन नै वैशाखमा भएको स्थानीय तह निर्वाचनमा स्वतन्त्र उम्मेदवारी दिएर लोकप्रिय मतसहित देशकै सबैभन्दा ठुलो महानगरपालिका काठमाडौंको मेयर निर्वाचित भएका हुन्। खासमा बालेनलगायत गैरदलीय उम्मेदवारका रूपमा धरानमा हर्क साम्पाङ र धनगढीमा गोपी हमालको सफलताबाट प्रेरित भएरै रवि राजनीतिमा आएका हुन् । जेनजी आन्दोलनले मुलुक नयाँ मोडमा पुगेपछि पाँचवर्षे कार्यकाल पूरा नगरेरै बालेन दलीय राजनीतिमा होमिन लागेका हुन् ।

दुई नेताहरूले आगामी निर्वाचनपछिको राजनीतिक जिम्मेवारीसमेत तोकेर सहमतिपत्रमा हस्ताक्षर गरेका छन् । जसअनुसार रवि रास्वपाको सभापतिमा कायम रहने र बालेन दोस्रो वरीयताका साथ भावी प्रधानमन्त्रीका लागि निर्वाचनपछि संसदीय दलको नेता बन्ने सहमति भएको छ। रास्वपा उपसभापति डा. स्वर्णिम वाग्ले भन्छन्, 'पार्टीको नेतृत्व रवि र सरकारमा पुगेको खण्डमा बालेनले नेतृत्व गर्ने भन्ने भइसकेपछि पार्टीमा उहाँलाई वरिष्ठ नेताको भूमिकामा राख्नेछौं ।'

रास्वपाको समानुपातिक सूचीमा बालेनको भागमा ४० जना र रास्वपाको कोटामा ७० जना पठाउने सहमति भएको छ । निर्वाचन आयोगमा सोमबारसम्म समानुपातिक निर्वाचन प्रणालीतर्फका उम्मेदवारहरूको बन्द सूची बुझाउने कार्यक्रम छ । समानुपातिकतर्फ कम्तीमा १० र बढीमा १ सय १० जनाको नाम बुझाउनुपर्छ। दलहरू अहिले समानुपातिक बन्द सूची तयार गर्ने काममा व्यस्त भइरहेका बेला पार्टी एकता भए पनि रास्वपाका तर्फबाट आउने उम्मेदवार छनोट पार्टीको आन्तरिक मतदान प्रक्रियाबाटै हुने भएको छ । तर बालेनका तर्फबाट आएकालाई सूचीमा राख्ने योजना रहेको रास्वपाका उपसभापति एवं संवाद समितिका संयोजक वाग्ले बताउँछन् । 'रास्वपाका तर्फबाट सिफारिस भएका उम्मेदवारहरू पुरानै विधिबाट छनोट हुन्छ,' उनले मध्यान्हसँग भने, 'बालेनका तर्फबाट सिफरिस भएर आउने उम्मेदवारहरूलाई १ सय १० को सूचीमा पार्नेगरी गृहकार्य भइरहेको छ ।'

पुराना राजनीतिक दलका दोस्रो पुस्ताका नेताहरूले समेत यो मिलनलाई सकारात्मक टिप्पणी गरेका छन् । कांग्रेस नेता प्रदीप पौडेलले लोकतन्त्रमा राजनीति दल वा समूहबीचको मिलनलाई सकारात्मक रूपमा लिनुपर्ने बताए । उनले मध्यान्हसँग भने, 'मुलुकलाई सकारात्मक परिवर्तनको दिशामा डोऱ्याउन राजनीतिक दल वा संगठित शक्ति मिल्नु लोकतन्त्रमा स्वागतयोग्य नै हुन्छ । तर त्यसले राजनीतिक वैचारिक धार समाउन सकेन वा सिद्धान्तमा प्रस्टता भएन भने त्यो केवल स्वार्थको मिलन मात्रै हुन्छन् ।' कांग्रेसलगायत स्थापित दलहरूले पनि सच्चिएर मुलुक र जनताको हितमा मिल्न सक्नुपर्ने उनको भनाइ छ ।

नेपालको राजनीतिक इतिहासमा यस्ता अनेकौं सहमति कागजमै सीमित भएका उदाहरण छन्। त्यसैले वैकल्पिक राजनीतिक शक्तिका रूपमा हेरिएका रवि र बालेनबीचको सहमति यसअघि पुराना दलका नेताबीच भएका सहमतिजस्तै 'कागजमै सीमित' हुने त होइन भन्ने प्रश्नसमेत उब्जिएको छ। रवि र बालेनबीच भएको सहमतिलाई कतिपयले २०७४ मा केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'बीच भएको सहमतिकै 'फोटोकपी'का रूपमा पनि टिप्पणी गरेका छन् । ओली र प्रचण्डले पार्टी एकतासहित भावी प्रधानमन्त्रीका लागि गरेको सहमतिकै शैलीमा अहिले रवि र बालेनबीच सहमति भएको राजनीतिक विश्लेषक मुमाराम खनालले बताए । चुनावी गठबन्धनपछि पार्टी एकता गर्दा प्रधानमन्त्रीको कार्यकाल आधाआधा बाँड्ने ओली-प्रचण्ड सहमति थियो । तर ओलीले आनाकानी गरेपछि प्रचण्डले कार्यकारी अध्यक्ष बन्नेगरी अर्को सहमति गरे । त्यो भूमिका पनि नपाएपछि नेकपामा कलह निम्तिएको थियो । सोही कारण नेकपा विभाजन हुन पुगेको थियो ।

'नेपालको राजनीतिक इतिहासमा यस्ता सहमति बारम्बार भइरहेको छ,' विश्लेषक खनालले मध्यान्हसँग भने, 'राजनीतिक एजेन्डाका सहमति के हुन् ? भन्ने थाहा नहुँदासम्म स्वार्थका सहमतिहरूले देशलाई निकास दिने सामर्थ्य राख्दैनन् । पुराना दलहरूलाई विस्थापित गर्न नयाँहरूको बिचमा सहमति भयो भन्नुले राजनीति रूपमा एउटा अर्थ लाग्ला तर यथार्थमा त्यसले राजनीतिक एजेन्डाको तहमा खासै काम गर्ला भन्ने लाग्दैन ।'

जेनजी आन्दोलनपछि नवयुवालाई समेट्नुपर्छ र वैकल्पिक सुसंस्कृत राजनीति गर्ने अभियान्तासमेत समेटेर विश्वसनीय विकल्प दिनुपर्छ भन्ने लामो पहलपछि एकता सम्भव भएको सभापति वाग्लेले बताए। उनले भने, 'विगत एक महिनामा विवेकशील साझा पार्टी र काठमाडौं महानगरका मेयर बालेन शाहको टिमलाई रास्वापमा समायोजन गरेर दुईवटा महत्वपूर्ण सफलता हासिल गरेका छौं, यसले निकै सकारात्मक सन्देश दिएको छ ।' कुलमान घिसिङले पार्टीको कार्यकारी भूमिका नै खोजेपछि कुरा मिल्न नसकेको उनको दाबी छ । 'रवि लामिछानेले बडो दुखका साथ पार्टी निर्माण गरेर यहाँसम्मको उचाइमा पुऱ्याउनुभएकाले उहाँलाई अहिले मानमर्दन गर्नुहुँदैन भन्ने पार्टीपंक्तिको निर्णयअनुसार अघि बढेका हौं,' वाग्लेले भने।

नयाँ शक्तिहरूको एकतासँगै पुराना दलका शीर्ष नेताहरूमा उकुसमुकुसको अवस्थामा पुगेका छन् । कांग्रेस, एमाले र नेकपाका शीर्ष नेताहरू पनि आगामी निर्वाचनबारे नयाँ रणनीतिको गृहकार्य गरिरहेका छन् । कुलमान घिसिङ संरक्षकत्वको उज्यालो नेपाल, हर्क साम्पाङको श्रम संस्कृति पार्टी, पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई संरक्षकत्वको प्रगतिशील लोकतान्त्रिक पार्टी, रेशम चौधरी संस्थापक रहेको नागरिक उन्मुक्ति पार्टी नेपाल, खगेन्द्र सुनार अध्यक्ष रहेको हाम्रो पार्टी नेपाललगायत एकता र नयाँ ध्रुवीकरणकै प्रक्रियामा छन् । रवि-बालेनसँगको एकता प्रयासमा कुरा नमिलेका उज्यालो नेपालका कुलमान र बाबुराम भट्टराई संरक्षकत्वको प्रगतिशील लोकतान्त्रिक पार्टीबीच एकताका लागि छलफल जारी रहेको प्रलोपाका केन्द्रीय सदस्य राजमान तामाङले बताए ।

## फेरि...

भने कमजोर हुँदै आएका नेता हुन् ।

वैकल्पिक शक्तिहरू एक हुने प्रयासमा रहेका बेला मधेश केन्द्रित दलहरू पनि एकता र ध्रुवीकरणको प्रयासमा छन् । यसअन्तर्गत जसपा नेपाल र लोसपा मिलेका हुन् । अब एकताअनुसार प्रतिनिधि सभा सदस्यको निर्वाचनअन्तर्गत बन्दसूची बुझाउने उनीहरूको तयारी छ । बन्दसूची बुझाउने समय आइतबार र सोमबारका लागि तोकिएको छ । मिलेका यी दुई दलले सोमबार समानुपातिकतर्फको बन्दसूची बुझाउने तयारी गरेका छन् ।

## गरिबीले...

विराटनगरस्थित अरनिको माविबाट २०७९ मा विज्ञानमा १२ कक्षा उत्तीर्ण गरेका साफी एमबिबिएस पढ्ने सपना बोकेर गाउँबाट १० हजार ऋण काढेर काठमाडौं पुगे । डेढ महिनाको बसाइमा ऋणको पैसा सकियो तर नाम निस्केन। उनी फेरि गाउँ फर्किए। बुबा माधुरी कतारको रोजगारी छाडेर फर्किएपछि उनको परिवारको आर्थिक संकट झनै गहिरियो। ६ जनाको परिवार धान्न मजदुरी नै मुख्य सहारा बन्यो। 'दिनभर मजदुरी गरे पनि राति चाहिँ राम्रै तयारी गरेको थिएँ । दोस्रो प्रयासमा सफलता हात लाग्यो,' उनी भन्छन् ।

एमबिबिएस तयारीका १३ महिना उनले निर्माण क्षेत्रमा मजदुरी गरेरै तयारी गरेका थिए। मेहनतले उनी राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङमा पूर्ण छात्रवृत्तिमा भर्ना हुने मौका पाए । तर भर्नापछि लाग्ने खर्च व्यवस्थापनको चिन्ता भने छँदै छ ।

### मासिक खर्चको चिन्ता

छात्रवृत्ति पाए पनि होस्टेल, खाना, पुस्तक, स्टेसनरी, लत्ताकपडा र परीक्षा शुल्क गरी मासिक ३० हजार रुपैयाँ जति खर्च लाग्छ। परिवारसँग स्थायी आम्दानीको स्रोत नभएकाले उक्त खर्च कसरी जुटाउने भन्ने चिन्ता लागेको उनी बताउँछन् । एमबिबिएस नाम निस्किएपछि २४ मंसिरमा साफी परिवारले छिमेकीसँग ८० हजार ऋण लिएर स्वास्थ्य विज्ञान प्रतिष्ठान पुग्यो। त्यहाँ ५० हजार धरौटी, ११ हजार रजिस्ट्रेसन शुल्क र ३५ सय स्वास्थ्य बिमा बुझाएको उनी बताउँछन् । यात्रा र बसोबासमा थप खर्च भएपछि ऋणको रकम सकिएको उनी बताउँछन् ।

साफीको संघर्षपूर्ण सफलताको समाचार सामाजिक सञ्जालमा सार्वजनिक भएपछि स्थानीय तथा बाहिरबाट सहयोगी हात जुट्न थालेका छन् । अभियन्ता आशिका तामाङले घरमै पुगेर १ लाख रुपैयाँ सहयोग उपलब्ध गराएको बरियारपट्टी गाउँपालिका-३ का वडाध्यक्ष विनोदकुमार यादवले बताए ।

साफी परिवारसँग जस्ताले छाएको घर र केही बाखाबाहेक अरू सम्पत्ति छैन । बुवाआमालाई गाउँमै नियमित मजदुरी पाउन पनि कठिन छ । यस्ता कठिन अवस्थाका बीच पनि सत्यनारायणको इच्छाशक्ति अडिग छ । 'कसैले पत्याएका थिएनन् । तर मैले मजदुरी गरेरै नाम निकालें,' उनी भन्छन्, 'अब डाक्टर बनेर परिवार र गाउँको अवस्था सुधार्नु छ। आज मसँग पैसा छैन तर हिम्मत हारेको छैन ।'

## उच्च...

बहस भएको थियो। रिट निवेदकका तर्फबाट वरिष्ठ अधिवक्ताहरू शम्भु थापा, उपेन्द्र केशरी न्यौपाने, गोविन्द बन्दी, रमनकुमार श्रेष्ठ, केदारप्रसाद कोइरालालगायतका कानुन व्यवसायी रहेका छन् ।

अनमोल मेडिकल सेन्टर प्रालिसमेत वादी रहेको रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, श्रममन्त्री, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्यमन्त्री, वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार बोर्डको सचिवालयलाई विपक्षी बनाइएको छ । रिट निवेदनमा सार्थक सरोकार रहेको भन्दै संघ पनि जोडिएको छ ।

श्रम मन्त्रालयले गत पुस ४ गतेको मन्त्रीस्तरीय निर्णयअनुसार वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण शुल्कमा गरिएको वृद्धि खारेज गरेको थियो । शुल्क वृद्धि खारेज गर्ने मन्त्रीस्तरीय निर्णयपछि जारी सूचनामा ९ हजार ५ सय रुपैयाँ शुल्क निर्धारण गरिएकोमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघलगायतका विभिन्न संस्थाबाट सो शुल्क वृद्धि महँगो भएको भन्दै गुनासो आएकाले कात्तिक ३० गते प्रधानमन्त्री तथा श्रममन्त्रीस्तरबाट भएको निर्णय खारेज गरिएको उल्लेख छ ।

त्यसलाई मेडिकल व्यवसायीले अन्यायपूर्ण र अव्यवहारिक भनेका छन् । उनीहरूले श्रम मन्त्रालयले जारी गरेको स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमनसम्बन्धी कार्यविधि, २०७२ को छैटौं संशोधन २०८१ मा हेपाटाइटिस बी र सी, मलेरिया, सुगर, टाइफाइडसहित रक्त परीक्षण गर्दा सिबिसी, इएसआर, प्लेटलेट, क्षयरोग परीक्षण गर्दा छातीको भिडियो एक्स-रे, मांसपेशी र हड्डीका समस्या, क्यान्सर, मधुमेह, मुटुरोग, स्यान्टोक्स परीक्षण, स्पुटम एएफबी, मिर्गौला परीक्षण गर्दा सिरम युरिया, क्रियाटिनिन श्वासप्रश्वास, छालाका रोगसमेत ३४ प्रकारका रोगको परीक्षण गर्नुपर्ने प्रावधान रहेकाले शुल्क बढाउनु परेको बताउँदै आएका छन् ।

## मलेसियामा...

पक्राउ पर्नेमा सबैभन्दा धेरै इन्डोनेसियाका १५ हजार ३ सय ८५ जना, बंगलादेशका ११ हजार १ सय ५ जना, म्यानमारका ९ हजार ७ सय ८९ जना, फिलिपिन्सका ४ हजार ३ सय ६५ जना, पाकिस्तानका २ हजार ४ सय ९७ जना, भारतका १ हजार ६ सय ३० जना, थाइल्यान्डका १ हजार ४ सय ९३ जना, चीनका १ हजार ३८ जना तथा भियतनामका ९ सय ९ जना छन् ।

अध्यागमन कार्यालयले अवैध आप्रवासीलाई रोजगारी दिने तथा संरक्षण गर्ने रोजगारदातामाथि पनि कारबाही गरिएको बताएको छ ।

# निर्वाचन नलड्ने पम्फाको घोषणा

**काठमाडौं/मस**–नेपाली कम्युनिष्ट पार्टीकी नेतृ तथा पूर्वमन्त्री पम्फा भुसालले आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचन नलड्ने घोषणा गरेकी छन् । उनले प्रत्यक्ष र समानुपातिक दुवै निर्वाचन प्रणालीअन्तर्गत उम्मेदवार नबन्ने स्पष्ट पारेकी हुन् ।



नेतृ भुसालले आइतबार सामाजिक सञ्जाल फेसबुकमार्फत सार्वजनिक गरेको धारणा अनुसार यसपटक आफू निर्वाचन प्रतिस्पर्धाबाट बाहिर रहने निर्णयमा पुगेकी हुन् । फेसबुकमा उनले लेखेकी छन्, 'यसपटक म प्रत्यक्ष र समानुपातिक दुवै निर्वाचनमा उम्मेदवार नबन्ने निर्णय गरेकी छु ।'

तत्कालीन नेकपा (माओवादी केन्द्र)बाट दुईपटक प्रत्यक्ष निर्वाचन जितेर प्रतिनिधिसभा सदस्य बनेकी भुसाल मन्त्रीसमेत भइसकेकी छन् । उनले आफूले प्राप्त गरेको राजनीतिक अनुभव र सिकाइ अब पार्टीभित्र संस्थागत रूपमा उपयोग गर्नुपर्ने आवश्यकता रहेको उल्लेख गरेकी छन् ।

'म पहिले नै दुई पटक प्रत्यक्ष निर्वाचन जितिसकेको छु र पटक-पटक मन्त्री भएर काम गर्ने अवसर पनि पाइसकेको छु। अब त्यो अनुभव पार्टीभित्र उपयोग गर्नु जरुरी छ भन्ने मेरो ठम्याइ हो,'उनले लेखेकी छन् ।

उनले आगामी निर्वाचनमा पार्टीका उम्मेदवारहरूलाई जिताउन सक्रिय भूमिका निर्वाह गर्ने पनि बताएकी छन् । निर्वाचन नलडे पनि आफू संगठन निर्माण, प्रचार-प्रसार र रणनीतिमा सक्रिय रहने उनको भनाइ छ ।

# नागरिकता दिएको अभियोगमा वडाध्यक्ष पक्राउ

**सर्लाही/मस**–नागरिकतासम्बन्धी कसुर मुद्दाको अनुसन्धानका क्रममा मलंगवा नगरपालिका-७, मुसैलीका वडाध्यक्ष मो ईशा मिक्रानी पक्राउ परेका छन् । वडाध्यक्ष मिकरानीमाथि भारतीय नागरिकलाई नागरिकता दिएको आरोप छ । जिल्ला प्रशासन कार्यालय सर्लाहीको जाहेरीमा वादी नेपाल सरकार र प्रतिवादी रामविश्वास रायसमेत रहेको उक्त मुद्दामा वडाध्यक्ष मिक्रानीको संलग्नता देखिएपछि थप अनुसन्धान अघि बढाइएको हो ।

जिल्ला सरकारी वकिल कार्यालयले थप अनुसन्धान गर्नुपर्ने भन्दै गत वैशाख २२ गते पत्राचार गरेपछि सर्लाही जिल्ला अदालत मलंगवाले मंसिर ५ गते वडाध्यक्ष मिक्रानीलाई पक्राउ गर्न अनुमति दिएको थियो । सोहीअनुसार खोजतलासका क्रममा आइतबार मलंगवा-२ बाट उनलाई पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक सरोज राईले जानकारी दिए ।

वडाध्यक्षलाई पक्राउपछि अदालतबाट दुई दिनको म्याद थप भई अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ। अनुसन्धान प्रक्रिया जारी रहेकाले नागरिकता लिएका भारतीय नागरिकको पहिचान प्रहरीले खुलाएको छैन ।

**Kedarsyun Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Deura, Bajhang, SudurPashchim Province, Nepal**

**Invitation For Electronic Bids for Procurement of Works**

**Date of publication:- 2082/09/14(29 Dec 2025)**
**Invitation for Bids No: 08/2082/083**

**Kedarsyun Rural Municipality, Office of Rural Municipal Executive, Deura Bajhang** invites electronic bids on **2082/09/14** from Nepalese eligible bidders under Sealed Quotation (SQ) Procedures for procurement of Goods Mentioned below:

| Contract No. | Description of Work and Location | Estimated Amount without VAT | Bid Document fee NRs. | Bid Security NRS |
|---|---|---|---|---|
| **KRM/SQ/Works-08/2082/083** | Construction of Bhumiraj Temple ward 4 Sansu | 1,287,191.76 | 1,000.00 | 36,500.00 |

***Purchase, Submission and Opening:***

| *Contract Date* | | *Late Date Of Bid Submission* | | *Bid Opening* | |
|---|---|---|---|---|---|
| *Email: kedarasyumun@gmail.com* | | *Time* | *Date* | *Time* | *Date* |
| *Contact No.: 9858485003/9858454835* | | 12:00 Noon | 13-01-2026 | 14:00 Noon | 13-01-2026 |
| *Bank Name and Address* | *Office Name* | *Revenueac Details (Antarik Rajaswa Khata)* | | *Deposit A/C Details (Dharauti Khata)* | |
| | | *Account Name* | *Account Number* | *Account Name* | *Account Number* |
| *Nepal Investement Mega Bank Jhota/ Deura Branch* | *Office of kedarasyun Rural Municipal Exective, Deura, Bajhang* | *GA 1.1 KEDARSYUN GAUPAALIKA AANTARIK RAJSHWO KHATA* | *07501400250009* | *GA 3.1 KEDARSYUN GAUPALIKA DHARAUTI KHATA* | *07501400250153* |

- *Tender documents shall follow public procurement Act, 2063 (Latest Amendment)*
- *Elifible Bidders may refer complete set of bid Document for futher information at office of Kedarsyun Rural Municipality, Bajhnag of PPMO's website www.bolptra.gov.np/egp and bidders shallhave the option of submitting their bids electronically only*
- *The Employer reserves the right to accept or reject, wholly or partly any or all Sealed Quotation without assigning any reason whatever*

# सर्वोच्च अदालतद्वारा हदम्याद, तारेख र म्याद थप अनुमति

**काठमाडौं/मस–** सर्वोच्च अदालतले चालु मुद्दाको हदम्याद, तारेख र म्याद थप गर्न अनुमति दिने निर्णय गरेको छ। अदालतको निर्णयसँगै अब यही पुस मसान्तसम्म चालु मुद्दाको हदम्याद, तारेख र म्याद थाप्न सकिने छ।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीशहरू कुमार रेग्मी, हरिप्रसाद फुयाल, डा.मनोजकुमार शर्मा, डा. नहकुल सुवेदी, तिलप्रसाद श्रेष्ठ, विनोद शर्मा, शारंगा सुवेदी, अब्दुल अजीज मुसलमान, महेश शर्मा पौडेल, टेकप्रसाद ढुंगाना, सुनिलकुमार पोखरेल, बालकृष्ण ढकाल, नृपध्वज निरौला, नित्यानन्द पाण्डेय, मेघराज पोखरेल, श्रीकान्त पौडेल र शान्तिसिंह थापासहित १९ जनाको बृहत् पूर्ण इजलासले आइतबार सो अनुमति दिएको हो।



सर्वोच्च अदालतका कर्मचारी बालाजीप्रसाद पाण्डेयलगायतले पेस गरेको प्रतिवेदनमाथि प्रधानन्यायाधीशसहित सम्पूर्ण न्यायाधीशको इजलास नै गठन गरेर यसअघि एक महिना (मंसिर मसान्तसम्म) समय दिएको समय बढाएर ६० दिन अर्थात् पुस मसान्तसम्म गरिएको हो।

सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार मंसिर मसान्तसम्म मुद्दाको हदम्याद, तारेख र म्याद थाप्न सकिने निर्णय भएकामा अब पुस मसान्तसम्म म्याद थाम्न सकिने भएको छ। यसअघि, मंसिर १ देखि ३० गतेसम्म एक महिना हदम्याद, म्याद र तारेख थाम्न सकिने व्यवस्था गरिएको थियो। आदेशको लिखित सोमबार आउनेछ।

गत भदौ २४ गते अदालतमा आगजनी भएर नष्ट भएका मुद्दाको कागजात संकलन गर्ने समय थप गरी ६० दिन हुनेछ। आगजनी र तोडफोडमा सर्वोच्च अदालतका सबैजसो कागजात जलेर नष्ट भएका थिए। अदालतले मुद्दाका पक्ष एवं सरोकारवालालाई सम्बन्धित मुद्दाको कागजात जुटाउन सहयोगका लागि आह्वान गरेको थियो।

# समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूची पेस गर्न सुरु



**काठमाडौं/मस–** प्रतिनिधिसभा निर्वाचन २०८२ अन्तर्गत राजनीतिक दलहरूले समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूची पेस गर्न सुरु भएको छ।

निर्वाचन आयोगले जारी गरेको कार्यतालिकाअनुसार आज र सोमबार समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूची पेस गर्ने कार्यक्रम तोकिएकामा केही राजनीतिक दलले आइतबार सूची पेस गरेका छन्।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार आइतबार दिउँसोसम्म तीन दलका १ सय ३४ जनाले सबै प्रक्रिया पूरा गरेर बन्दसूची पेस गरिसकेका छन्। ती दलले निस्सा लिएर दर्ताको प्रक्रिया पूरा गरेका हुन्। उम्मेदवारको नाम मतदाता सूचीमा छ, छैन हेरेर आयोगले निस्सा दिएपछि बन्दसूची पेस गरिएको हो। यस आधारमा नेपाल मजदुर किसान पार्टी, जनप्रिय लोकतान्त्रिक पार्टी, श्रम संस्कृति पार्टीलगायतले आइतबार दिउँसोसम्म बन्दसूची पेस गरेका प्रवक्ता भट्टराईले जानकारी दिए।

उनले राजनीतिक दलले पुस १३ र १४ गतेसम्म पेस गरेका समानुपातिकतर्फको बन्दसूचीबारे पुस १५ देखि २० गतेसम्म छानबिन गरिने कार्यक्रम रहेको बताए। त्यसपछि पुस २१ देखि २७ गतेसम्म दललाई मिलाउन लगाउने कार्यतालिका छ। पुस २८ देखि माघ ३ गतेसम्म दलले मिलाएको बन्दसूची ठीक छ वा छैन भनी हेरिने आयोगले जनाएको छ। माघ ४ गते बन्दसूची र माघ २० गते अन्तिम सूची प्रकाशन गर्ने कार्यतालिका रहेको प्रवक्ता भट्टराईले जानकारी दिए।

यसअघि १ सय वटा राजनीतिक दलले ९३ चिह्नमार्फत समानुपातिक प्रणालीतर्फको निर्वाचनमा सहभागी हुन दल दर्ता गराएका छन्। यसरी दर्ता भएका राजनीतिक दलले मात्र सोमबारसम्म बन्दसूचीतर्फका उम्मेदवारको सूची पेस गर्न पाउने छन्।

साना दलले आइतबार समानुपातिकतर्फको बन्दसूची दर्ता गराए पनि ठूला दल भने अझै बैठकमै व्यस्त छन्। सरकारले आगामी फागुन २१ गतेका लागि प्रतिनिधिसभा सदस्य निर्वाचन तोकेको छ। यसपटक १ करोड ८९ लाख ३ हजार ६ सय ८९ मतदाता रहेका छन्। ती मतदाताले समानुपातिक र प्रत्यक्षको दुईवटा मतपत्रमा मतदान गर्न पाउँछन्।

### निर्वाचन आचारसंहिता स्वीकृत

निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जारी हुने निर्वाचन आचारसंहिता, २०८२ स्वीकृत गरी सरोकारवालालाई त्यसमा भएका व्यवस्थाहरूबारे सार्वजनिक जानकारी गराएको छ।

आयोगको वेबसाइटमा आइतबार प्रकाशित आचारसंहिता आगामी माघको पहिलो सातादेखि लागू गर्ने आयोगको तयारी छ। निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, भयरहित, मर्यादित र विश्वसनीय बनाउन आयोगले आचारसंहितामा विगतमा झैं कतिपय बुँदालाई परिमार्जन गरी नयाँ आचारसंहिता तयार गरेको हो। आयोगले आचारसंहिताको मस्यौदामा प्राप्त सुझावलाई समेटेर स्वीकत गेरको हो। आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार आचारसंहिता नेपाल सरकार र नेपाल सरकारका मन्त्री, प्रदेश सरकार र प्रदेश सरकारका मन्त्री, संवैधानिक निकाय र पदाधिकारी, नेपाल सरकार वा प्रदेश सरकारका निकाय र ती निकायका पदाधिकारी, स्थानीय कार्यपालिका र सोका सदस्य, संघ, प्रदेश र स्थानीय तहका कर्मचारीलाई लागु हुनेछ।

यस्तै निर्वाचन अचारसंहिता नेपाल सरकार र नेपाल सरकारका मन्त्री, प्रदेश सरकार र प्रदेश सरकारका मन्त्री, संवैधानिक निकाय र पदाधिकारी, नेपाल सरकार वा प्रदेश सरकारका निकाय र ती निकायका पदाधिकारी, स्थानीय कार्यपालिका र सोका सदस्य, संघ, प्रदेश र स्थानीय तहका कर्मचारीलाई लगातलाई लागु हुनेछ।

यस्तै सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी, सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारी, राजनीतिक दल तथा राजनीतिक दलको भ्रातृ संगठन, उम्मेदवार तथा सम्बन्धित व्यक्ति, राजनीतिक दल तथा उम्मेदवारको मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधि, सार्वजनिक पद धारण गरेको व्यक्तिलाई पनि आयोगद्वारा जारी आचारसंहिता लागु हुनेछ। निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता र भयमुक्त वातावरण कायम गर्न हरेक निर्वाचनअघि यस्तो आचारसंहिता जारी गरिन्छ।

### अस्थायी मतदाता संकलन सुरु गरिने

निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गर्ने प्रयोजनका लागि अस्थायी मतदाता संकलन सुरु गर्ने भएको छ। आयोगले मतदाता नामावली ऐन, २०७३ को दफा ३० तथा अस्थायी मतदाता नामावलीसम्बन्धी कार्यविधि, २०८२ बमोजिम आयोगबाट अस्थायी मतदाता नामावली संकलन कार्यक्रम स्वीकृत गरेको हो। आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार अस्थायी मतदाता नामावलीमा नाम समावेश हुने मतदाताको विवरण यही पुस १९ देखि आगामी माघ १८ गतेसम्म सम्बन्धित निकायका कार्यालय प्रमुखले प्रमाणित गरी प्रमुख नाम दर्ता अधिकारी अधिकारी प्रदेश वा जिल्ला निर्वाचन अधिकारीको कार्यालयमा पठाउनुपर्नेछ।

संकलित नामावली प्रकाशन र दाबीविरोध तथा जाँचबुझ गरी अन्तिम अस्थायी मतदाता नामावली प्रकाशन गर्ने कार्यक्रम रहेको छ। आयोगबाट प्रकाशन भएको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्थामा कार्यरत कर्मचारी, ब्यारेकमा रहेका नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाल, कारागारमा रहेका थुनुवा र कैदी, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गरेका वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वीकृति लिइ सञ्चालनमा रहेका वृद्धा अवस्थामा बसेका व्यक्तिहरू एवं संवैधानिक निकायका पदाधिकारीको नामावली सङ्कलन गरिनेछ आयोगले जनाएको छ।

# कांग्रेसद्वारा कार्यसम्पादन समितिको बैठकको निर्णय कार्यान्वयन गर्न निर्देशन



**काठमाडौं/मस–** नेपाली कांग्रेसले केन्द्रीय कार्यसम्पादन समितिको यही पुस १२ गते बसेको बैठकले गरेका निर्णय कार्यान्वयनका लागि निर्देशन दिएको छ।

कांग्रेसले आइतबार एक विज्ञप्तिमार्फत पार्टीका सबै प्रदेश, जिल्ला, प्रतिनिधिसभा र प्रदेश क्षेत्रीय कार्यसमिति, पालिका कार्यसमिति र वडा कार्यसमितिलाई सम्बोधन गरी उक्त निर्णय कार्यान्वयन गर्न निर्देशन जारी गरेको हो। कार्यसम्पादन समिति बैठकले विगतको निर्वाचनमा पार्टीको उम्मेदवार वा पार्टीले समर्थन गरेका उम्मेदवारविरुद्ध उम्मेदवार भएका, तिनका प्रस्तावक र समर्थक वा असहयोग गरी अनुशासनविपरीतका काम गरेकालाई केन्द्रीय अनुशासन समितिले गरेको निष्काशन, निलम्वन र पार्टीको विधानअनुसार स्वतः कारबाहीमा परेकाहरुको बाँकी अवधि माफी मिनाहा गर्ने निर्णय गरेको थियो छ।

त्यस्तै, कारबाही माफी मिनाहा भएका व्यक्तिहरुको पार्टीको बहाल रहेको पद नरहने गरी क्रियाशील सदस्यतालाई निरन्तरता कायम गरी क्रियाशील सदस्यता नवीकरण गर्ने निर्णय गरेको थियो। बैठकले विगतमा विभिन्न कारणले पार्टी परित्याग गरेर स्वतन्त्र बनेका वा अन्य पार्टीमा गएर उम्मेदवार, प्रस्तावक वा प्रचारक बनेका साथीहरूलाई पार्टीमा फर्कनका लागि केन्द्रीय कार्यसम्पादन समितिको यो बैठक हार्दिक आह्वान गरेको थियो। त्यसरी फर्किने साथीहरुलाई क्रियाशील सदस्यतासहित आवश्यक जिम्मेवारी प्रदान गर्ने बैठकको निर्णय छ।

कांग्रेसले विभिन्न पेसा, व्यवसाय र विविध क्षेत्रमा रही राष्ट्र र जनताका सेवामा समर्पित लोकतान्त्रिक विचार र आस्था भएका व्यक्तिलाई पार्टीमा सक्रिय भूमिका निर्वाह गर्न कार्यसम्पादन समितिको यो बैठक हार्दिक आह्वान गरेको मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए।

**टेरामक्स खरिद प्रकरण**

# सर्वोच्चका दुई आदेश झिकाउन विशेष अदालतको आदेश

**काठमाडौं/मस–** नेपाल दूरसञ्चार प्राधिकरणको 'टेलिकम्युनिकेसन ट्राफिक मोनिटरिङ एण्ड फ्रड कन्ट्रोल सिस्टम' (टेरामक्स) खरिदमा भएको भनिएको भ्रष्टाचारसम्बन्धी मुद्दामा विशेष अदालतले सर्वोच्च अदालतका दुई वटा आदेशको प्रमाणित प्रतिलिपि झिकाउन आदेश दिएको छ।

आइतबार विशेष अदालतका न्यायाधीश नारायणप्रसाद पौडेल र हेमन्त रावलको संयुक्त इजलासले नेपाली कांग्रेसका पूर्वसांसद तथा पूर्वसञ्चारमन्त्री मोहनबहादुर बस्नेतसमेत प्रतिवादी रहेको मुद्दामा सर्वोच्च अदालतमा यसअघि दायर भएका रिटहरूमाथि जारी आदेश माग गर्ने निर्णय गरेको हो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले टेरामक्स खरिद प्रकरणमा विशेष अदालतमा मुद्दा दायर गर्दा भ्यानराइज सोलुसन्स साल (अफसोर) प्रालिलाई समेत प्रतिवादी बनाएको छ। सोही कम्पनीसँग सम्बन्धित रिटका आदेशहरू मुद्दा निरूपणका लागि महत्वपूर्ण देखिएकाले सर्वोच्चबाट प्रमाणित प्रतिलिपि झिकाउन आदेश गरिएको अदालतले जनाएको छ। नेपाल दूरसञ्चार प्राधिकरणले २०७६ वैशाख २० गते टेरामक्स प्रणाली खरिद प्रक्रिया रद्द गर्ने निर्णय गरेको थियो। उक्त निर्णयविरुद्ध भ्यानराइज सोलुसन्सले सोही वर्ष जेठ २० गते सर्वोच्च अदालतमा रिट दायर गरेको थियो। सो रिटमाथि सुनुवाइ गर्दै २०७८ वैशाख १४ गते तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबरा र न्यायाधीश कुमार चुडालको इजलासले रिट जारी गर्ने फैसला गरेको थियो। विशेष अदालतले यही आदेशको प्रमाणित प्रतिलिपि पेस गर्न निर्देशन दिएको हो। त्यस्तै, टेरामक्स खरिदसँग सम्बन्धित अर्को रिटको आदेश पनि झिकाउन आदेश गरिएको छ। २०६९ भदौ २१ गते तारानाथ दाहालसमेतले दायर गरेको उक्त रिटमा २०७२ मंसिर २१ गते न्यायाधीश कल्याण श्रेष्ठ र देवेन्द्र गोपाल श्रेष्ठको इजलासले निर्देशनात्मक आदेश जारी गरेको थियो। उक्त आदेश पनि मुद्दा सुनुवाइका लागि आवश्यक ठहर गर्दै विशेष अदालतले सर्वोच्च अदालतबाट प्रमाणित प्रतिलिपि मगाउन आदेश गरेको हो। यसैबीच, विशेष अदालतले टेरामक्स खरिद प्रकरणको अनुसन्धानका क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नियुक्त गरेका टेलिकम्युनिकेसन विज्ञ केशव ज्ञवालीलाई बकपत्रका लागि उपस्थित गराउन पनि आदेश दिएको छ।

# खोटा मुद्रा, जग्गा किर्ते तथा ठगीमा संलग्न पाँच प्रतिवादी जेल चलान



**मध्यान्ह संवाददाता**
रौतहट, १३ पुस

रौतहट जिल्ला अदालतले खोटा मुद्रा र जग्गा किर्ते तथा ठगीमा संलग्न पाँच जना प्रतिवादीहरूलाई पुर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटले चलाएको अनुसन्धान र सरकारी वकील कार्यालयको अभियोग पत्रमाथि सुनुवाइ गर्दै अदालतले आइतबार यस्तो फैसला सुनाएको हो।

खोटा मुद्रा (नक्कली नोट) सम्बन्धी कसुरमा संलग्न तीन जनालाई अदालतले कारागार पठाएको हो। पक्राउ पर्ने र जेल चलान हुनेहरूमा भारतको मोतिहारी जिल्ला कुडवा चैनपुरका २३ वर्षीय जयप्रकाश कुमार, रौतहट बौधीमाई नगरपालिका-२ घर भई हाल देवाही गोनाही नगरपालिका-४ बस्ने २१ वर्षीय गेनालाल राउत पटेल र सोही स्थानका २० वर्षीय अजय पटेल रहेका छन्। उनीहरूलाई गत मंसिर १६ गते साँझ रौतहटको ईशनाथ नगरपालिका-४ लत्मरीबाट प्रहरीले नियन्त्रणमा लिएको थियो। नक्कली नोटको कारोबार गरी आर्थिक अपराध गरेको अभियोगमा अनुसन्धान पूरा गरी प्रहरीले उनीहरूलाई अदालत पेस गरेको थियो। आइतबारको आदेशसँगै उनीहरूलाई मुद्दाको अन्तिम किनारा नलागेसम्मका लागि थुनामा पठाइएको हो।

दोस्रो घटनामा जग्गा किर्ते, ठगी, आपराधिक लाभ र विश्वासघातको गम्भीर आरोप लागेका दुई जनालाई पनि पुर्पक्षका लागि कारागार चलान गरिएको हो। जेल चलान हुनेहरूमा रौतहट कटहरिया नगरपालिका-१ का ४२ वर्षीय रामपुकार महतो कोइरी र मकवानपुर हेटौंडा उपमहानगरपालिका-८ का ५२ वर्षीय राधाकृष्ण उपाध्याय रहेका छन्। काठमाडौं महानगरपालिका-३१ बस्ने केशव प्रसाद पौड्याल लगायतको जाहेरी अनुसार प्रतिवादीहरूले रौतहटको कटहरियास्थित २४ वटा कित्तामा फैलिएको कुल ९ बिगाहा १८ कट्ठा १५ धुर जग्गा हडप्न अदालतको नक्कली फैसला र पत्र तयार पारेका थिए। उनीहरूले रौतहट जिल्ला अदालतको नाममा किर्ते फैसला र पत्र खडा गरी योजनाबद्ध ढंगले सो जग्गा आफ्नो नाममा दाखिला (नामसारी) गराएका थिए।

लामो समयदेखि लुकिछिपी बसिरहेका कोइरी र उपाध्यायलाई प्रहरीले गत कात्तिक ११ गते पक्राउ गरेको थियो। सरकारी लिखत किर्ते गरी ठूलो परिमाणको सम्पत्ति ठगी गरेको भन्दै अदालतले उनीहरूलाई पनि पुर्पक्षका लागि जेल पठाउने आदेश दिएको हो।

जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी एवं प्रहरी नायव उपरीक्षक विष्णु प्रदीप बस्यालका अनुसार दुवै घटनामा संलग्न प्रतिवादीहरूलाई जिल्ला सरकारी वकील कार्यालयमार्फत अदालत पेस गरिएको थियो। सम्मानित अदालतको मिति यही पुस १३ गतेको आदेश अनुसार ५ जना प्रतिवादीहरूलाई पुर्पक्षका लागि कारागार चलान गरिएको उनले जनाए।


## रुवी भ्याली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सेर्तुङ, धादिङ
बागमती प्रदेश, नेपाल

## बोलपत्र स्वीकृतिको आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८२/०९/१४**

यस कार्यालयबाट प्रकाशित सूचना अनसार विद्युतीय माध्यमबाट दर्ता हुन आएका तपशिल बमोजिमका बोलपत्र प्रस्तावहरु न्युनतम मुल्यांकित तथा सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्बजानिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| क्र.स. | ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|
| १. | (RVRM/NCB/WORKS/2082/083/01) | Shaurya Jyoti Mandala Nilkantha J.V. (Tarkeshwor -7, Kathmandu) | १३५२०८७५.५ |
| २. | (RVRM/NCB/WORKS/2082/083/02) | S.AN J.V. (Khandachakra-11, Kalikot) | १३६२५२५२.७ |
| ३. | (RVRM/NCB/WORKS/2082/083/03) | Khagal- Chhure Ganesh J.V. (Lapa, Rubyvalley -5, Dhading) | ११६९८०५९.१७ |

**कार्यालय प्रमुख**

## सम्पादकीय

# विषादीयुक्त तरकारी रोक

सुरक्षित खानपानलाई स्वस्थ जीवनको एउटा आधार मानिन्छ । त्यसैले भान्छा सुरक्षित हुनुपर्ने ठाउँ हो । तर आज हाम्रो भान्छा नै विषको प्रयोगशाला भइरहेको डरलाग्दो तथ्य सार्वजनिक भएको छ । कालिमाटी तरकारी बजारमा बिक्रीका लागि ल्याइएको रायो सागमा ९९ दशमलव ८ प्रतिशत अर्गानोफस्फेट विषादी भेटिएको छ । केन्द्रीय कृषि प्रयोगशालाले परीक्षण गरेका १५ थरी तरकारीमध्ये रायो साग पूर्ण रूपमा खान अयोग्य ठहरियो । यसअघि हरियो धनियाँमा पनि त्यस्तै विषादी भेटिएको थियो । काँक्रोमा पनि ४६ दशमलव ५ प्रतिशत विषादी फेला परेको छ । सरकारी मापदण्डअनुसार ३५ प्रतिशतभन्दा कम विषादी प्रयोग भएको भए उपभोगयोग्य मानिन्छ । तर तरकारी बजारमा अत्यधिक विषादीयुक्त तरकारी भेटिनु हाम्रो स्वास्थ्यका लागि गम्भीर चिन्ताको विषय हो ।

तरकारीमा भेटिएका अर्गानोफस्फेट र कार्बामेट समूहका विषादीले स्नायु प्रणालीमा सिधा असर गर्ने मानिन्छन् । यस्ता विषादी मिसिएका तरकारी नियमित रूपमा खाँदा टाउको दुख्ने, वाकवाकी लाग्ने, पेट दुख्ने, झाडापखाला हुने समस्या देखिन सक्छ । दीर्घकालीन रूपमा कलेजो, मिर्गौला र स्नायु प्रणालीमा क्षति पुग्ने जोखिम बढ्ने चिकित्सकहरू बताउँछन् । बालबालिका, गर्भवती महिला र वृद्धहरू अझ बढी जोखिममा छन् ।

किसानले विषादी छरेपछि ६ घण्टादेखि २४ घण्टासम्म कुर्नुपर्ने वेटिङ पिरियड पालना नगर्दा विष सिधै भान्छामा पुगिरहेको छ । साँझ विषादी छरेर बिहान तरकारी टिपेर बेच्ने गलत अभ्यासले अस्वस्थ तरकारीको समस्या बढ्दो छ । जोखिम यतिमै सीमित छैन । नेपालमा १ सय ६४ प्रकारका विषादी प्रयोग गर्न अनुमति छ । तर परीक्षण कार्बामेट र अर्गानोफस्फेट समूहका १२ वटा विषादीको मात्रै हुँदै आएको छ । बाँकी १ सय ५२ प्रकारका विषादी अहिलेसम्म परीक्षणको दायराभन्दा बाहिरै छन् । यसको अर्थ, नजाँचिएको तरकारी खाँदा हामी विष खाइरहेका हुन सक्छौं । जसको कुनै तथ्यांक छैन । यसले नियमनकारी निकायको गम्भीर लापरबाही देखाउँछ ।

पछिल्लो परीक्षणको डरलाग्दो रिपोर्टबाट नियमनकारी निकाय मात्र होइन्, आमउपभोक्तासमेत समेत हुनुपर्छ । सरकारको पहिलो जिम्मेवारी कडा नियमन हो । त्यसका लागि परीक्षणको दायरा बढाउनुपर्छ । मापदण्ड उल्लंघन गर्ने किसान र व्यापारीमाथि कडाइ गरिनुपर्छ । कृषकलाई विषादी प्रयोगबारे प्राविधिक सल्लाह अनिवार्य गरिनुपर्छ । उपभोक्ताले पनि सावधानी अपनाउनुपर्छ । तरकारी राम्रोसँग धुने, नुन वा खाने सोडाको पानीमा भिजाएर पकाउने, पातदार साग सकेसम्म पकाएर खाने बानी बसाल्नुपर्छ । भान्छा विषाक्त भयो भने जीवन नै असुरक्षित हुन्छ । खेतदेखि थालसम्म फैलिएको यो समस्यालाई रोक्न सरकार, किसान र उपभोक्ता सबै जिम्मेवार बन्नैपर्छ ।

# विप्रेषणलाई सदुपयोग गर्ने सवाल

*विप्रेषणले ग्रामीण परिवारहरूको जीवनस्तर सुधार गरेको छ । आन्तरिक बेरोजगारी न्यूनीकरणमा सहयोग गरेको र आर्थिक गतिविधिलाई गति दिएको छ । तर यससँगै संरचनात्मक चुनौतीहरू पनि देखिएका छन् ।*

अग्रलेख



● गम्भीरबहादुर हाडा

वैदेशिक रोजगारी भन्नाले एक देशबाट अर्को देशमा गई कुनै प्रकारको श्रम वा सेवामा संलग्न हुनु हो । विशेषतः भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका र नेपालजस्ता दक्षिण एसियाली मुलुकका नागरिकहरू खाडी राष्ट्रहरूमा काम गर्ने प्रवृत्ति व्यापक देखिन्छ । यो प्रवृत्तिलाई देशभित्रको गरिबी र बेरोजगारीको प्रतिफलका रूपमा हेर्दा अत्युक्ति नहोला । खाडी क्षेत्रका केही मुलुकहरूमा सन् १९७० को दशकदेखि नै तीव्र रूपमा भएका निर्माण तथा पूर्वाधार विकासका कारण श्रमशक्तिको माग बढ्यो । आकर्षक तलब र सुविधाका कारण दक्षिण तथा दक्षिण-पूर्वी एसियाली मुलुकहरूबाट ठुलो संख्यामा श्रमिकहरू ती मुलुकतर्फ जान थाले, जसको प्रभाव नेपालमा पनि स्पष्ट देखियो ।

यद्यपि नेपालीहरू रोजगारीको खोजीमा विदेश जाने क्रम औपचारिक रूपमा सन् १८१६ को सुगौली सन्धिसँगै सुरु भएको मानिन्छ । सन् १८१४ मा नेपाल र इष्ट इण्डिया कम्पनीबीच भएको युद्धको समाप्तिपछि र १८१६ को सुगौली सन्धिपश्चात् गोरखा रेजिमेन्टको स्थापना भएपछि नेपालीहरू ब्रिटिस तथा भारतीय सेनामा भर्ती भई सैनिक सेवामार्फत वैदेशिक रोजगारीमा संलग्न भएको ऐतिहासिक प्रमाण पाइन्छ । यसरी करिब दुई शताब्दीअघि सुरु भएको वैदेशिक रोजगारीको अभ्यास समयक्रममा विस्तार हुँदै आजको अवस्थामा आइपुगेको छ । खाडी क्षेत्रका मुलुकहरूमा विकास-निर्माणको तीव्रतासँगै अदक्ष श्रमशक्तिको माग बढ्दा नेपाली श्रमिकहरू पनि ती देशहरूमा कामदारका रूपमा जान थाले ।

नेपालको संविधान २०७२ ले मौलिक हकअन्तर्गत धारा ३४ मा श्रम गर्ने अधिकारलाई सुनिश्चित गरेको छ । तर नेपालको श्रम संरचना हेर्दा अझै पनि ठूलो जनसंख्या निर्वाहमुखी कृषिमा आश्रित छ । कुल जनसंख्यामध्ये उल्लेख्य हिस्सा घरायसी धन्दा र अनौपचारिक क्षेत्रमा संलग्न छ भने सीमित प्रतिशत मात्र सीपमूलक तथा प्राविधिक शिक्षामा आबद्ध छन् । फलस्वरूप रोजगारीका अवसर सीमित रहँदा युवाहरू वैदेशिक रोजगारीतर्फ आकर्षित हुन बाध्य भएका छन् ।

आर्थिक वर्ष २०८२/८३ को पहिलो चार महिनामा विप्रेषण आप्रवाह ३१.४ प्रतिशतले वृद्धि भई छ खर्ब ८७ अर्ब १३ करोड रुपैयाँ पुगेको छ, जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा उल्लेखनीय वृद्धि हो । अमेरिकी डलरमा समेत विप्रेषण आप्रवाह उल्लेख्य रूपमा बढेको छ । आयात भने तुलनात्मक रूपमा स्थिर देखिए पनि व्यापार घाटा बढ्दो क्रममा छ । यस्तो अवस्थामा विप्रेषणले नै चालु खाता सन्तुलन कायम राख्न र विदेशी मुद्रा सञ्चिति स्थिर राख्न महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ ।

हाल नेपालको कुल गार्हस्थ्य उत्पादनमा विप्रेषणको योगदान करिब २८.६ प्रतिशत पुगेको छ । आ.व. २०७२/७३ मा २५.५ प्रतिशत योगदान रहेको विप्रेषण केही वर्ष घट्दो क्रममा रहे पनि पछिल्ला वर्षहरूमा पुनः वृद्धि भएको देखिन्छ । वैदेशिक रोजगारीका लागि नयाँ श्रम स्वीकृति लिने र पुनः श्रम स्वीकृति लिने श्रमिकको संख्या पनि निरन्तर बढ्दो छ । अन्य आर्थिक सूचकहरू कमजोर रहेको वर्तमान अवस्थामा विप्रेषणले नै नेपाली अर्थतन्त्रलाई चलायमान बनाइरहेको यथार्थ हो । विभिन्न अध्ययन र प्रतिवेदनहरूले मानव विकास सूचकांक सुधार र गरिबी न्यूनीकरणमा विप्रेषणको ठूलो योगदान रहेको पुष्टि गरेका छन् ।



विप्रेषणको ठूलो हिस्सा उपभोगमा खर्च हुने गरेको तथ्यांकले देखाउँछ । प्राप्त रकमको करिब ५८ प्रतिशत दैनिक उपभोगमा, शिक्षा र स्वास्थ्यमा करिब २२ प्रतिशत तथा कर्जा भुक्तानीमा करिब १० प्रतिशत खर्च हुने गरेको छ, जबकि बचतको हिस्सा अत्यन्त न्यून छ । यसले अल्पकालीन रूपमा जीवनस्तर सुधार गरे पनि दीर्घकालीन आर्थिक रूपान्तरणमा अपेक्षित योगदान दिन सकेको छैन ।

विप्रेषणले ग्रामीण परिवारहरूको जीवनस्तर सुधार गरेको छ । आन्तरिक बेरोजगारी न्यूनीकरणमा सहयोग गरेको र आर्थिक गतिविधिलाई गति दिएको छ । तर यससँगै संरचनात्मक चुनौतीहरू पनि देखिएका छन् । उत्पादनशील क्षेत्र उपेक्षित हुनु, श्रमशक्ति विदेश पलायन हुनु, सामाजिक विखण्डन, पारिवारिक समस्या, महिलामाथि अतिरिक्त जिम्मेवारी र बालबालिकामा मनोवैज्ञानिक असरजस्ता सामाजिक लागतहरू बढिरहेका छन् । साथै, अवैधानिक माध्यमबाट आउने विप्रेषण अझै पनि ठूलो चुनौतीका रूपमा रहेको छ । अनुमान अनुसार २५ देखि ३० प्रतिशत विप्रेषण अनौपचारिक च्यानलबाट भित्रिने गरेको छ, जसले वित्तीय प्रणालीलाई कमजोर बनाएको छ ।

नेपालजस्ता अति कम विकसित मुलुकहरू न्यून उत्पादन, उच्च बेरोजगारी, व्यापार घाटा, कमजोर पूर्वाधार, राजनीतिक अस्थिरता र भ्रष्टाचारजस्ता साझा समस्याबाट ग्रसित छन् । नेपालमा यी समस्या संरचनागत रूपमा गहिरिएका छन् । विकासशील राष्ट्रको हैसियतमा स्तरोन्नति हुनु गौरवपूर्ण उपलब्धि भए पनि यसलाई दिगो बनाउन आर्थिक रूपान्तरण, सुशासन, उत्पादनमुखी लगानी र मानव पुँजी विकास अपरिहार्य छन् । अन्यथा वैदेशिक सहायता घट्ने, सहुलियतपूर्ण ऋण र बजार पहुँचमा कमी आउने जोखिम बढ्न सक्छ ।

> *विप्रेषण नेपाली अर्थतन्त्रको आधार स्तम्भ भए पनि यसप्रति अत्यधिक निर्भरता दीर्घकालीन रूपमा घातक हुन सक्छ । त्यसैले विप्रेषणलाई उपभोगमा सीमित नराखी उत्पादन, रोजगारी सिर्जना र आत्मनिर्भर अर्थतन्त्र निर्माणतर्फ केन्द्रित गर्नु आजको प्रमुख आवश्यकता हो ।*

यस सन्दर्भमा विप्रेषणलाई दिगो आर्थिक विकासको आधार बनाउन यसको सदुपयोग अत्यावश्यक छ । विप्रेषणमार्फत आएको रकमलाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने स्पष्ट नीति आवश्यक छ । वैदेशिक रोजगारीमा जाने श्रमिकलाई गुणस्तरीय सीप र तालिम प्रदान गरी उच्च आय हुने रोजगारीमा संलग्न गराउनु, साना तथा मझौला उद्यम, कृषि आधुनिकीकरण र उद्योग प्रवर्द्धनमा लगानी आकर्षित गर्नु अपरिहार्य छ । वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकका लागि सामाजिक सुरक्षा, पेन्सन र उद्यमशीलता कार्यक्रम प्रभावकारी बनाउनुपर्छ ।

विप्रेषण नेपाली अर्थतन्त्रको आधार स्तम्भ भए पनि यसप्रति अत्यधिक निर्भरता दीर्घकालीन रूपमा घातक हुन सक्छ । त्यसैले विप्रेषणलाई उपभोगमा सीमित नराखी उत्पादन, रोजगारी सिर्जना र आत्मनिर्भर अर्थतन्त्र निर्माणतर्फ केन्द्रित गर्नु आजको प्रमुख आवश्यकता हो । यही दिशामा नीति, योजना र कार्यान्वयन एकसाथ अघि बढे मात्र विप्रेषणले दिगो विकासको सार्थक आधार तयार गर्न सक्छ ।

## इतिहासमा आज

२९ डिसेम्बर २००६ मा बेलायतले दोस्रो विश्वयुद्ध पछिको आफ्नो एंग्लो-अमेरिकी ऋण चुक्ता गर्‍यो ।



२९ डिसेम्बर २०१३ मा दक्षिणी रूसी शहर भोल्गोग्राडको भोल्गोग्राड-१ रेलवे स्टेशनमा भएको आत्मघाती बम आक्रमणमा कम्तीमा १८ जनाको मृत्यु भयो र ४० जना घाइते भए ।



२९ डिसेम्बर २०२३ मा गाजा पट्टीमा इजरायली आचरणको बारेमा दक्षिण अफ्रिकाले इजरायल विरुद्ध अन्तर्राष्ट्रिय न्याय अदालतमा नरसंहार मुद्दा दायर गर्‍यो ।



२९ डिसेम्बर २०२४ मा जेजु एयरको उडान २२१६ दक्षिण कोरियाको मुआनमा पर्खालमा ठोक्कियो, १८१ जना यात्रुमध्ये १७९ जनाको मृत्यु भयो । यो इतिहासमा दक्षिण कोरियाली भूमिमा भएको सबैभन्दा खराब विमान दुर्घटना हो ।



# अनियन्त्रित दोहनमा रोइरहेको रानीसैन

ब्लग



● धर्मराज तिमिल्सीना

> *रानीसैनका जडीबुटी, पशुपालन, पर्यटन र पर्वतीय साहसिककर्मीहरूका लागि एउटा असाधारण सम्भावनाको भूमि हो । तर विडम्बना, राज्य प्रशासनको उपस्थिति नहुँदा यही सम्भावना अहिले समस्याको चपेटामा छ । रानीसैनका स्थानीयले सुनाउने वाक्य अत्यन्त पीडादायक छन्- यहाँ प्रहरी आउँदैन तर जडीबुटी तस्करहरू रात-दिन आउँछन् ।*

रानीसैन, बाजुरा जिल्लाको हिमाली गाउँपालिकाको उत्तरी भेग हो । यसको नाम सुन्दै एउटा पुरानो दरबारको स्मरण हुन्छ । तर वास्तवमा यो क्षेत्र सैपाल हिमालको काखमा बसेको एक प्राकृतिक खजाना हो । यहाँबाट हुम्ला, बझाङ र बाजुरा जोडिन्छन् । जहाँ तिब्बती व्यापारीहरूको पनि आवत-जावत पुस्तौंदेखि चल्दै आएको छ । यो भूभाग जडिबुटी, पशुपालन, पर्यटन र पर्वतीय साहसिक कर्मीहरूको लागि एउटा असाधारण सम्भावनाको भूमिझैँ देखिन्छ । तर विडम्बना, राज्य प्रशासनको उपस्थिति नहुँदा यही सम्भावना अहिले अपराध, तस्करी, शोषण र जडिबुटीको लोप जस्ता समस्याको चपेटामा परेको छ ।

रानीसैन-सैपाल क्षेत्र जडिबुटीका लागि नेपालको सर्वाधिक महत्वपूर्ण क्षेत्र मानिन्छ । यहाँ पाइने महत्वपूर्ण जडीबुटीहरूमा यार्सागुम्बा, कालोहिँडो (जिरा), सुनपती, कुटकी, जटामसी, चिराइतो, बोझो, सिलाजीतलगायत पर्दछन् । यी सबै जडिबुटी आर्थिक मूल्यका दृष्टिले धेरै महत्वपूर्ण छन् । तर राजनीतिक उदासीनता, सुरक्षा अभाव र अनियन्त्रित दोहनका कारण यहाँको जडिबुटी मासिने अवस्थामा पुगेको छ ।

रानीसैनका स्थानीयले सुनाउने वाक्य अत्यन्त पीडादायक छन्, "यहाँ प्रहरी आउँदैन, तर जडिबुटी तस्करहरू रात-दिन आउँछन् ।" स्थानीयका अनुसार खोक्रो-कटुवा, भरुवा बन्दुक, आधुनिक बन्दुकसहित रातमा हतियार बोकेर चोरी-सिकारी गर्न आउने, जडिबुटी टिप्न गएको स्थानीयलाई धम्क्याउने, घर तोडफोड गरिदिने, कुटपिट गर्ने, चौरी-याक चोरीका घटना- यी सबै व्यवहारले नेपालको भित्री सीमाना नै असुरक्षित भएको प्रमाणित गर्छ ।

रानीसैनसम्म पुग्न ३-५ दिन पैदल हिँड्नुपर्ने, खानेकुरा र लगाउने कपडा २५-३५ किलोको बोझ बोक्नुपर्ने, सरकारी कर्मचारी बस्न असहज हुने, राज्यको उपेक्षा र बेवास्ता जस्ता भौगोलिक दुर्गमताका कारण राज्य अनुपस्थित देखिन्छ । तर भौगोलिक कठिनतालाई कारण देखाउँदै सधैँ राज्य अनुपस्थित रहनु र स्रोतको सदुपयोग गर्न नसक्नु अन्यायपूर्ण छ । हिमाली गाउँपालिकाले माग गरे पनि प्रहरी चौकी, सशस्त्र चौकी, स्वास्थ्य चौकी, वन कार्यालय लगायत अन्य कार्यालय स्थापना हुन सकेका छैनन् । बिडम्बना नै मान्नुपर्छ, यो पालिका पूर्वपर्यटन मन्त्री बनेका बद्री पाण्डेको गृहपालिका हो ।

यहाँ विद्यालय र स्वास्थ्य सेवा मृतावस्थामा छन् । शिक्षक पुग्दैनन् । करारमा राखिएका शिक्षकहरू, जससँग प्रायः अध्यापन अनुमति पत्रसमेत हुँदैन । अस्पताल छैनन्, स्वास्थ्य चौकीमा स्वास्थ्यकर्मी बस्दैनन्, औषधि छैन, आकस्मिक सेवाको कुनै ग्यारेन्टी छैन । राज्यले यहाँ नागरिकका नाममा स्थानीयलाई केवल नागरिकता र मतदान गर्ने अवसर मात्रै दिएको छ; अन्य कुनै सेवा, सुविधा र अवसर दिन सकेको छैन ।

यदि स्पष्ट योजना, नीति र लगानी भए यो क्षेत्र नेपालको अत्यन्त समृद्ध आर्थिक कोरिडोर बन्न सक्छ । नेपालमा औषधिजन्य उद्योग आयातमा निर्भर छ । तर रानीसैनमा वार्षिक रूपमा उत्पादन गर्न सकिने यार्सा, कुटकी, जटामसी, सुनपती, चिराइतो लगायत जडिबुटीको संरक्षण र सदुपयोग गर्न सके राज्यले जडिबुटी-आधारित उद्योगमार्फत हजारौं मानिसलाई रोजगारी दिन सक्छ । सैपाल हिमाल क्षेत्रमा पदयात्रा, यार्सा-सांस्कृतिक पर्यटन, उच्च उचाइमा क्याम्पिङ, याक/च्याङ्ग्रा जीवनशैली पर्यटन, खप्तड-रारा-सैपाल-अपि ट्रेकिङ सर्किट जस्ता विश्वस्तरीय पर्वतीय पर्यटन उत्पादनको सम्भावना छ । बर्खा, शरद र जाडो–तीनै ऋतुमा फरक-फरक पर्यटकीय गन्तव्य विकास गर्न सकिन्छ । रानीसैनदेखि सैपालसम्म रहेको चरनयोग्य चौरमा चौरी, याक र च्याङ्ग्रा लगायत पशुपालन गरेमा नेपाली ऊन, दुग्धजन्य पदार्थ, नुन, तेल र घ्यूको ठूलो बजार बन्न सक्ने सम्भावना छ । हुम्ला-हिल्सा हुँदै तिब्बतसँगको पुरानो व्यापारलाई नियमन गरेर सुरक्षा, कर, स्थानीय उत्पादन, परम्परागत बाटो र सहकारी व्यापारमार्फत ठूलो आर्थिक आयको सम्भावना पनि बोकेको छ ।

यो क्षेत्रलाई 'हिमालयन मेडिसिनल जोन' वा 'रानीसैन संरक्षण अभयारण्य' घोषणा गरियो भने अवैध दोहन रोकिन्छ, वैज्ञानिक पुनरुत्पादन हुन्छ र स्थानीयलाई नियमनसहित रोजगार मिल्छ । सामुदायिक जडिबुटी उद्योगको अवधारणामार्फत स्थानीय सहकारी, वडास्तरीय संकलन केन्द्र, प्राविधिक तालिम, मूल्य-सुरक्षा प्रणाली र सरकारी खरीद नीति व्यवस्थापन गर्दा प्रत्यक्ष रोजगारी सिर्जना गर्न सकिन्छ । साथै, यो क्षेत्रलाई उत्कृष्ट ट्रेकिङ सर्किटको रुपमा विकास गर्न सकिन्छ । सरकारले 'चौरी-याक गाउँ' अवधारणालाई अगाडि सारेर विशेष 'याक बस्ती क्षेत्र' घोषणा गरी चरनक्षेत्र, आधुनिक पशु स्वास्थ्य सेवा, चौरी-दुग्ध प्रशोधन केन्द्र र याक-कस्मेटिक/घ्यू उद्योग स्थापना गर्न सक्छ । डिबुटी, पर्यटन, चौरी, सुरक्षा र सहकारी–यी पाँच क्षेत्र मात्र सक्रिय भए पाँच हजारभन्दा बढी युवालाई गाउँमै रोजगारी दिन सकिन्छ र कम बजेटमा ठूलो परिणाम निकाल्न सकिन्छ ।


रानीसैनलाई राज्यले संरक्षण गर्नैपर्छ । तत्काल प्रहरी प्रशासन, जडिबुटी व्यवस्थापन, पर्यटन पूर्वाधार र सीमा नियमन लागू गरे केही वर्षमै यो भूभाग नेपालको हिमाली आर्थिक इन्जिन बन्न सक्छ । यो केवल बाजुराको मुद्दा होइन, हिमाली गाउँपालिकाको मात्र पनि होइन- यो नेपाल राष्ट्रको भविष्यसँग जोडिएको मुद्दा हो ।

## सामाजिक सञ्जाल



तारानाथ दाहाल

जेनजी आन्दोलनपछि बनेको अन्तरिम सरकारले विघटन गरेको प्रतिनिधि सभाको चुनाव फागुन २१मा हुने अब सुनिश्चितजस्तै भएको छ । यो चुनावमा आम मतदाताको मत मुख्यगरी नेपाली कांग्रेस र नेकपा एमालेको एक पक्ष, नयाँ दलहरूको अर्को पक्ष, बिचमा प्रचण्ड-माधव र अरू क्षेत्रीय, जातीय र साना दलहरूमा छरिन्छ ।



खगेन्द्र सङ्ग्रौला

भूइँमान्छेप्रतिको अनादर र कुरता बालेनको पहिचान हो । बालेनले कहिल्यै गणतन्त्र, संघीयता र धर्मनिरपेक्षता मान्छु भन्या सुन्न पाइया छैन । यिनै बालेनलाई 'नयाँ शक्ति' मानेर कतिपय जेनजी लगायत सारा पपुलिस्ट बालेनको दर्शन भेट गर्न लाइन लाग्या छन् त ! के यो गोर्खे जेलेन्सीको खोजी हो ?



सूर्यराज आचार्य

निष्ठा, विचार र योजनाको राजनीतिक डोरीले समाजलाई जोड्छ । त्यो डोरी चुँडिएपछि राजनीति र राज्य प्रणालीको संस्थागत क्षमता तथा विश्वसनीयता ओरालो लाग्छ र व्यक्ति-केन्द्रित राजनीतिको उदय हुन्छ । निष्ठा, विचार र योजना बिनाको 'लोकप्रियतावादी' राजनीति परिणाममुखी र दिगो हुन कठिन ।



विधाकुमार अधिकारी

सुशासन र जबाफदेहिताको अभावले समाजमा व्याप्त हुन पुगेको निराशाले निम्त्याएको परिणामबाट सिर्जित यो वाद 'डुबतेको तिनकेका सहारा' मात्र हो । यसको नतिजा अझै भयानक हुन्छ तर जनतामा पनि अलिकति चेतना र विवेक नजागेसम्म त्यो वाद हट्दैन ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# चुनावले मात्र समस्या हल नगर्ने अध्यक्ष लिङ्देनको दाबी

**प्रवेश विष्ट/मध्यान्ह**
विराटनगर, १३ पुस



राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले फागुन २१ गते तोकिएको निर्वाचनले मात्र मुलुकका विद्यमान समस्या समाधान नहुने दाबी गरेका छन् ।

उनले उक्त निर्वाचनले समस्या समाधान गर्नुको सट्टा देशलाई अझै बर्बादी र अनिश्चितताको दिशातर्फ धकेल्ने प्रक्रिया भएको बताए । आइतबार विराटनगरमा आयोजित राप्रपा मोरङको जिल्ला अधिवेशन उद्घाटन समारोहलाई सम्बोधन गर्दै अध्यक्ष लिङ्देनले नेपाल अहिले साधारण राजनीतिक संकटमा नभई प्रत्यक्ष भूराजनीतिक चक्रब्युहमा फसेको र गम्भीर अवस्थामा पुगेको बताए । अबको मुख्य चुनौती सरकार बनाउने वा चुनाव जित्ने मात्रै नभई देशलाई कसरी जोगाउने र कसरी बचाउने भन्ने ऐतिहासिक जिम्मेवारी नेपाली राजनीतिक शक्तिहरूको काँधमा आएको उनको भनाइ थियो ।

उनले नेपालको निर्णय गर्ने क्षमता क्रमश: नेपाली जनताको हातबाट बाहिरिँदै गएको उल्लेख गर्दै वर्तमान राजनीतिक अभ्यासले राष्ट्रिय स्वाधीनता र दीर्घकालीन राष्ट्रिय हितलाई कमजोर बनाउँदै लगेको टिप्पणी गरे।

अध्यक्ष लिङ्देनले नवयुवा पुस्ताको भावना समेट्दै, सबै राजनीतिक शक्तिहरूबीच न्यूनतम सहमति कायम भएपछि मात्रै चुनाव भए देश सही ट्र्याकमा जान सक्ने बताए । पुरानो शैलीको राजनीति त्यागेर राप्रपा अब नयाँ सोच र स्पष्ट दृष्टिकोणका साथ अघि बढिरहेको उनले स्पष्ट पारे । संघीयता नचाहने तथा विचार मिल्ने सबै राजनीतिक शक्तिहरूसँग सहकार्य गरेर अघि बढ्ने विषयमा पार्टीभित्र छलफल तीव्र बनाइएको जानकारी दिँदै अध्यक्ष लिङ्देनले केन्द्रदेखि स्थानीय तहसम्म पार्टीलाई एकढिक्का बनाउने अभियान सुरु भइसकेको पनि बताए ।


# Belauri Municipality
# Office of the Municipal Executive
**Belauri, Kanchanpur**
**Sudurpaschim Province, Nepal**

## Invitation for Bids

**Invitation for Bids No: BELMUN/NCB/R/082-083-05**
**Date of publication: 28th December 2025, 10:00**

1. **The Belauri Municipality** has allocated funds for the **Construction of Blacktop Road from Hulaki road to Kamri Bridge ward no.9 Belauri., Contract Identification No: BELMUN/NCB/R/082-083-05** and intends to apply part of the funds to cover eligible payments under the Contract for **Construction of Blacktop Road from Hulaki road to Kamri Bridge ward no.9 Belauri Contract Identification No: BELMUN/NCB/R/082-083-05**. Bidding is open to all eligible as per Section V of bidding document.
2. **Belauri Municipality** invites sealed bids or electronic bids from eligible bidders for the construction of **Premix Carpet and Retaining Structure** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best **3 years** within the **last 10 years: 6,60,00,000 Nrs.**
   - Minimum Work experience of similar size and nature: **2,65,00,000 Nrs.**
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Belauri Municipality Kanchanpur, belaurimunicipality@gmail.com, 099-580215 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents may be purchased from the office of Belauri Municipality Kanchanpur by eligible Bidders on the submission of a written application, along **with the copy of company/firm registration certificate**, and upon payment of a non-refundable fee of **5000 Nrs.** till **27th January 2026, 12:00 during office hours.**
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank: Rastriya Banijya Bank** **Name of Office: Belauri Municipality**
   **Office Code no. :801077604** **Office Account no.: 4390100301010002**
   **Rajaswa (revenue) Shishak no.: BELAURI NA.PA. (GA-1-1)**
5. Pre-bid meeting shall be held at Belauri Municipality Kanchanpur at **18th January 2026, 10:00 hours.**
6. Electronic bids must be submitted to the office Belauri Municipality Kanchanpur through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **13:00 on 27th January 2026**. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 hours 27th January 2026** at the office of Belauri Municipality Kanchanpur. Bids must be valid for a period of **90 days from the bid submission deadline** and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,amounting to a minimum of **19,80,000/-Nrs.**, which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



# माडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
**बसन्तपुर, चितवन**
**बागमती प्रदेश, नेपाल**
**२०७३**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८२/०९/१४**

यस कार्यालयको तपसिलको मिति र पत्रिकामा प्रकाशित विद्युतिय बोलपत्रहरु आह्वान सम्बन्धी सूचनाअनुसार दर्ता हुन आएका विद्युतिय बोलपत्रहरु मूल्यांकन हुँदा निम्न बोलपत्रदाताहरुको बोलपत्रहरु न्यूनतम मूल्यांकित र सारभूत रुपमा प्रभावग्राही रहेकोले उक्त बोलपत्रहरु स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र. सं. | बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशित भएको मिति र पत्रिका | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (मूल्य अभिवृद्धि कर र P.S. सहित) |
|---|---|---|---|---|
| १ | २०८२/०८/०३, नयाँपत्रिका | NCB/MMO/W/08/2082-83 को Construction of Infrastructure on Baghauda Hospital | Pathak and Brothers Construction, Madi-6, Chitwan | रु.३६,९५,२२३.७९।- |
| २ | २०८२/०८/०५, नागरिक | NCB/MMO/W/09/2082-83 को Construction of Infrastructure on Madi Ma.bi. as per master plan | Sija Construction Pvt. Ltd., Tokha-8, Kathmandu | रु.६६,०२,८५७.०१।- |

**प्रमुख प्रशासकीय अधिकृत**



## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

**प्रकाशित मिति: २०८२/०९/१४**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय सुर्खेतबाट तपसिलमा उल्लेखित तपाई ऋणीले विभिन्न शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले तपाई ऋणी श्री **ए.डि सप्लायर्स** को नाममा मिति बि.सं. २०८२/०१/२५ को "आर्थिक" राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना, मिति बि.सं. २०८२/०८/१२ को "कान्तिपुर" राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना र मिति बि.सं. २०८२/०९/०२ को "आर्थिक अभियान" राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय सुर्खेत मा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिने छ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचना द्वारा जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

**१. कर्जा शिर्षक : सिटिजन्स क्यास क्रेडिट – अधिविकर्ष, चालु पूंजी आवधिक कर्जा, प्याड लोन र आवधिक कर्जा**
**ऋणी फर्मको नाम र ठेगाना**

**ऋणीको नाम : श्री ए.डि सप्लायर्स**
दर्ता ठेगाना : बिरेन्द्रनगर-६, सुर्खेत (हाल: बिरेन्द्रनगर न.पा. वडा नं. ११, सुर्खेत)
दर्ता नं. : ३३०६/०६९/७०, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, सुर्खेत
दर्ता मिति : २०६९/०५/१०
पान नं. : ६००९८३२३३ (आन्तरिक राजस्व कार्यालय, नेपालगंज)

**फर्मको प्रोप्राइटरको नाम र ठेगाना**

**नाम : अनिल दत्त रेग्मी**
बाबु : ओमदत्त रेग्मी
बाजे : गोपाल प्रसाद रेग्मी
ठेगाना : बिरेन्द्रनगर नगरपालिका - ८, सुर्खेत
हाल : बिरेन्द्रनगर नगरपालिका - ८, सुर्खेत
ना.प्र.नं. : ६४५१८०१
जारी मिति : २०५९/०२/०६
प्रतिलिपि मिति : २०६८/११/२६
जि.प्र.का. : सुर्खेत

**जमानीकर्ताहरुको नाम र ठेगाना**

**१. नाम : अनिता देवकोटा**
बाबु : गोविन्द प्रसाद देवकोटा
बाजे : गंगा प्रसाद देवकोटा
ससुरा : ओमदत्त रेग्मी
पति : अनिल दत्त रेग्मी
ठेगाना : बिरेन्द्रनगर नगरपालिका -१२, सुर्खेत
हाल : बिरेन्द्रनगर नगरपालिका - ८, सुर्खेत
ना.प्र.नं. : ६४१०१७/९४३८१
जारी मिति : २०६६/०९/१६
जि.प्र.का. : सुर्खेत

**२. नाम : ओमदत्त रेग्मी**
बाबु : गोपाल प्रसाद रेग्मी
बाजे : धुण्डीराज उपाध्याय
ठेगाना : बिरेन्द्रनगर नगरपालिका - ८, सुर्खेत
हाल : बिरेन्द्रनगर नगरपालिका - ८, सुर्खेत
ना.प्र.नं. : ८२३
जारी मिति : २०३७/०५/२९
प्रतिलिपि मिति : २०६१/०४/१४
जि.प्र.का. : सुर्खेत

**३. नाम : सुधा देवी रेग्मी**
बाबु : सन्त कुमार भट्ट
ससुरा : गोपाल प्रसाद रेग्मी
पति : ओमदत्त रेग्मी
ठेगाना : बिरेन्द्रनगर नगरपालिका -८, सुर्खेत
हाल : बिरेन्द्रनगर नगरपालिका - ८, सुर्खेत
ना.प्र.नं. : ४७१६
जारी मिति : २०३७/०६/०१
जि.प्र.का. : सुर्खेत

**माथि उल्लिखित ऋणी ए.डि सप्लायर्सले उपभोग गरेको ऋणकर्जाको लागि धितो राखिएको सम्पत्तिको विवरण:**

| सि.नं | जिल्ला | न.पा./गा.वि.स. | वडा नं/ नक्सा सिट | कि.नं. | क्षेत्रफल (वर्ग मि.) | धितो सुरक्षण धनीको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | सुर्खेत | लाटीकोईली | १/ख | २३२७ | १३३.०० | अनिल दत्त रेग्मी | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत । |
| २. | सुर्खेत | लाटीकोईली | १/ख | २३९८ | १८८.०० | | |
| ३. | सुर्खेत | लाटीकोईली | १/ख | २३७३ | १९५.०० | | |
| ४. | सुर्खेत | लाटीकोईली | १/ख | २३७६ | २२४.०० | | |
| ५. | सुर्खेत | लाटीकोईली | १/ख | २५८२ | १८०.०० | अनिता देवकोटा | |

हाल: बिरेन्द्रनगर-११, सुर्खेत

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैकले भुक्तानी माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ ।
४. लिलाम बिक्री भएको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुन: लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ को दफा ५७ को उपदफा ७ का अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको अचल सम्पत्ति दा.खा रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को प्रधान कार्यालय नारायणहिटी पथ वा शाखा कार्यालय सुर्खेतमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**लिलाम खोलिने मिति :- २०८२/०९/२१ गते, सोमबार ।**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, सुर्खेत ।**

Citizens Bank

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८

THE BANKER BANK OF THE YEAR 2024 NEPAL
THE BANKER BANK OF THE YEAR 2025 NEPAL



## कतारमा रोजगार

कम्पनी: **DEEPKHUSI BEAUTIFUL SALON** शहर: **QATAR**
पूर्व स्वीकृत मिति: २०८२/०९/१३ चलानी नं.: ६०२४९७२९ **LT. No.:336172**

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | QR | ने. रू. | | | | | | | |
| 1. | Henna Beautician | 0 | 2 | सम्बन्धित काममा दक्ष | 1800 | ७०,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 1800 | ७०,३८० | | | | | | | |
| 3. | Beautician | 0 | 2 | | 1700 | ६६,८९५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस २१ गते (5 January 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SKILL LINK RECRUITMENT PVT. LTD.** Govt Lic. No. 1747/081/082
Budhanilkantha-9, Sukedhara, Kathmandu, Nepal, Tel No: +977 1 5925447, 5923447
Contact No: 9709121847, 9709152147, Email: info@skilllink.com.np,
Website: www.skilllink.com.np

**यस मेनपावर कम्पनीको लागि निम्न कर्मचारी** P.R.O. (Public Relation Officer- 4 Male/Female) **को पनि आवश्यक भएकोले Gulf County सम्बन्धी काम जानेका व्यक्तिहरूलाई विशेष प्राथमिकता दिईनेछ ।**

# फोनिज रामेछापद्वारा 'जेन-जी आन्दोलनको राजनीतिक प्रभाव' विषयक संवाद




**रामेछाप/मस–** नेपाल पत्रकार महासंघका संस्थापक अध्यक्ष सत्यनारायण बहादुर श्रेष्ठको ११०औँ जन्मजयन्तीको अवसरमा नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) रामेछापले आइतबार रामेछापमा 'जेन-जी आन्दोलनको राजनीतिक प्रभाव' विषयक संवाद कार्यक्रम आयोजना गरेको छ ।

फोनिजले सत्यनारायण बहादुर श्रेष्ठलाई नेपाल पत्रकार महासंघका संस्थापक अध्यक्षका रूपमा मान्दै आएको उल्लेख गर्दै उनको स्मृतिमा कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा जेन-जी आन्दोलनको पृष्ठभूमि, यसले नेपाली राजनीतिमा पारेको प्रभाव, युवापुस्ताको बढ्दो राजनीतिक सक्रियता तथा लोकतान्त्रिक अभ्यासमा देखिएको परिवर्तनका विषयमा फोनिज वाग्मती प्रदेश अध्यक्ष युवराज श्रेष्ठले कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यपत्रमाथि सहभागीहरूले आ-आफ्ना धारणा राख्दै गहन छलफल गरिएको थियो ।

कार्यक्रममा पूर्वऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री एवं नेपाली कांग्रेस रामेछापका सभापति पूर्णबहादुर तामाङ (कान्छाराम) ले गत भदौ २३ र २४ गते भएको नवयुवाहरूको आन्दोलनमा घुसपैठ भएको दाबी गरे । उनले केही समूहले आन्दोलनलाई आफ्नो स्वार्थअनुसार प्रयोग गरेको आरोप लगाउँदै आन्दोलनपछि बनेको वर्तमान अन्तरिम सरकारले निर्वाचनको वातावरण तयार गर्न नसकेको बताए । तामाङले आगामी फागुन २१ गते निर्वाचन हुन नसक्ने धारणा राख्दै वर्तमान राजनीतिक सङ्कटको निकास संसद् पुनःस्थापना नै भएको स्पष्ट गरे। संसद् पुनः स्थापनाको पक्षमा आफूले हस्ताक्षर गरिसकेको र सो विषय अदालतमा विचाराधीन रहेको पनि उनले बताए ।

वाग्मती प्रदेश उद्योग, पर्यटन तथा वातावरण समिति सभापति तथा नेकपा एमालेका नेता आनन्दकुमार श्रेष्ठले भदौ २३ गतेको आन्दोलन र भदौ २४ गते घटेको घटनालाई फरक-फरक रूपमा हेरेर निष्पक्ष छानबिन हुनुपर्ने बताए । भदौ २४ गतेको घटना कुनै आन्दोलन नभई स्पष्ट रूपमा विध्वंस भएको उनको भनाइ थियो। उनले एमाले संसद् पुनः स्थापनाको पक्षमा रहे पनि सरकारले निर्वाचनको वातावरण बनाएमा निर्वाचनमा जान पार्टी तयार रहेको बताए ।

मन्थली नगरपालिका प्रमुख लव श्रेष्ठले नवयुवाहरूको आन्दोलनका केही मागहरू जायज भए पनि निर्णायक मोडमा पुग्दा आन्दोलन दिशाहीन बनेको टिप्पणी गरे । आन्दोलन व्यक्तिगत रिसिवीमा केन्द्रित हुँदा व्यक्तिगत, संस्थागत तथा सरकारी सम्पत्तिमा ठूलो क्षति पुगेको र यसले मुलुकलाई कम्तीमा १० वर्ष पछाडि धकेलेको उनको भनाइ थियो ।

जिल्ला समन्वय समिति रामेछापका उपप्रमुख प्रेमबहादुर थापाले भने लामो समयदेखि एउटै नेतृत्वको निरन्तरता, बढ्दो बेरोजगारी, महँगी, भ्रष्टाचार र सुशासनको अभावका कारण युवापुस्तामा असन्तुष्टि चुलिँदै जाँदा जेन-जी आन्दोलन जन्मिएको बताए । उनले आन्दोलनपछि बनेको अन्तरिम सरकारले आगामी फागुन २१ गते निर्वाचन गराउने स्पष्ट म्यान्डेट पाइसकेको उल्लेख गर्दै अहिलेको अवस्थामा निर्वाचन नै एक मात्र विकल्प भएको धारणा राखे ।

नेपाल पत्रकार महासंघ रामेछापका अध्यक्ष दीपककुमार घिमिरेले जेन-जी आन्दोलनले राजनीतिक सचेतना बढाएको, वैकल्पिक राजनीतिक धार उदय गराएको र सामाजिक सञ्जालको प्रभावकारी प्रयोगलाई थप बलियो बनाएको बताए ।

कार्यक्रम फोनिज रामेछापका अध्यक्ष कुमार श्रेष्ठको अध्यक्षता तथा पूर्व ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री एवं नेपाली कांग्रेस रामेछापका सभापति पूर्णबहादुर तामाङ (कान्छाराम) को प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो ।

# कृषि क्षेत्रको विकासका लागि नयाँ कार्यविधि

**काठमाडौं/मस–** सरकारले कृषि क्षेत्रको विकास र विस्तार गरी व्यवसायीक बनाउने उद्देश्यका साथ 'कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२' कार्यान्वयनमा ल्याएको छ ।




कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार कृषक, व्यवसायी तथा उद्यमीलाई आफूले उत्पादन गरेको मह, मौरीजन्य उत्पादन, च्याउ र च्याउबाट उत्पादित परिकारको स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गर्न सहयोग गर्नेछ । मह, मौरीजन्य उत्पादन र च्याउको उपयोगिता तथा फाइदासम्बन्धी सूचना प्रवाह गरी आन्तरिक र अन्तर्राष्ट्रिय र आन्तरिक बजार विस्तारमा योगदान पुऱ्याउने उद्देश्य कार्यक्रमको छ ।

मौरीपालन तथा च्याउखेती समबन्धी व्यवसायिक, वैज्ञानिक एवम् नवीनतम प्रविधि तथा सूचनाको आदानप्रदान गर्न योगदान पुऱ्याउनेछ । मौरी मूल्य श्रृखला र च्याउखेतीमा आवद्ध कृषक, व्यवसायी, सेवाग्राही, सेवाप्रदायकलगायत सरोकारवालबीच व्यवसाइक सम्बन्ध एवम् सहकार्य स्थापना गर्न सहयोग पुग्नेछ । नेपालमा उत्पादित विभिन्न प्रकारका मह तथा मौरीजन्य उत्पादनको प्रदर्शन र बिक्री वितरण गरिनेछ । मौरीपालनसँग सम्बन्धित सरोकारवालाबीच अन्तरक्रिया गरिनेछ। राष्ट्रिय मह मेला सञ्चालन गरिनेछ ।

राष्ट्रिय मह मेला व्यवसायिक कीट विकास केन्द्र, नेपाल मौरीपालक महासंघ र नेपाल मौरीपालक केन्द्रीय सहकारी संघ लिमिटेडको संयुक्त आयोजनामा मह मेला सञ्चालन गरिनेछ । त्यस्तै, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ । खाद्यान्न, तेलहन, रैथानेलगायतका बालीको उत्पादन प्रवर्द्धन, बीउ संरक्षण तथा उत्पादन, कृषि जैविक विविधता संरक्षण तथा प्रवर्द्धन एवम् फार्म केन्द्रको संस्थागत सुदृढीकरण यस कार्यक्रमको उद्देश्य रहेको मन्त्रालयले जनाएको छ। कार्यक्रमका लागि प्रस्ताव आह्वान गर्ने, लाभग्राही छनौट गर्ने र सम्झौता गरिनेछ।

कार्यक्रमअन्तर्गत कृषक, कृषक समूह वा सहकारी, सामुदायिक बिउ बैंक वा अन्य संस्थालाई अनुदान सहयोग उपलब्ध गराएनेछ। फार्म केन्दहरूमार्फत फार्म बाहिरका स्थानमा उन्नत बिउ उत्पादन गर्ने लक्ष्य राखिएको छ। सो कार्यविधि यही पुसदेखि कार्यान्वयनमा आएको छ ।

# शितगंगाका ९१.४ प्रतिशत नागरिक काठ र घाँसका लागि वनमा निर्भर

**मध्यान्ह संवाददाता**
अर्घाखाँची, १३ पुस



शितगंगा नगरपालिकामा वन डढेलो जोखिम न्यूनीकरण तथा निर्णय-समर्थन प्रणाली सुदृढीकरणका लागि बहुपक्षीय छलफल बैठक सम्पन्न भएको छ। प्रकृतिमा आधारित स्थानीय समाधानमार्फत जमिन-जंगल-जलस्रोत प्रणाली पुनर्स्थापना गर्ने उद्देश्यसहित आयोजित उक्त कार्यक्रममा वन डढेलो व्यवस्थापनलाई स्थानीय शासन, जीविकोपार्जन र जलवायु अनुकूलनसँग जोडेर अघि बढाउने विषयमा छलफल गरिएको हो ।

नगर प्रमुख छविलाल पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपप्रमुख गीता भाट, प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटा, वडा नं. ११ का अध्यक्ष नवराज भुसाल, वडा नं. १२ का अध्यक्ष चोपबहादुर घर्तिमगर, योजना अधिकृत नुमलाल खनाल, सूचना प्रविधि अधिकृत मघु पौडेललगायतले वन डढेलो नियन्त्रण र रोकथाममा स्थानीय सरकारको भूमिकाबारे आ-आफ्नो धारणा राखेका थिए ।

कार्यक्रममा गैडे, झलझले, मजुरे डाँडा, बेलघारी, डोहोटे तथा धिरीखोला सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा प्रस्तुत तथ्यांकअनुसार शितगंगा नगर क्षेत्रमा ९१.४ प्रतिशत नागरिक काठ र घाँसका लागि वनमा निर्भर रहेका छन्। गाईवस्तु चरन, सिकार तथा वन खेतीजस्ता क्रियाकलापमा स्थानीय नागरिक संलग्न हुने गरेका छन् भने करिब ३० प्रतिशत नागरिक दैनिक रूपमा घाँस-दाउरा संकलनका लागि वन जाने गरेका छन् ।

वन डढेलो लाग्नुका मुख्य कारण चुरोट खाएर ठुटा जथाभावी फाल्नु, जानाजान आगो लगाउनु, अव्यवस्थित कटान, चोरी सिकार तथा छिमेकी वन क्षेत्रबाट फैलिने आगो रहेको सहभागीहरुले बताएका छन्। नगरपालिकाभित्र रहेका धिरीखोला, गैडे डोहोटे, गौरिशंकर, हरिओम तथा कपिलमानु सामुदायिक वनहरू अर्घाखाँची जिल्लाका अब्बल सामुदायिक वनका रूपमा परिचित छन् । कार्यक्रममा सामुदायिक वन उपभोक्ता समूहहरूले वन डढेलो जोखिम नक्सांकन, प्रारम्भिक चेतावनी प्रणाली, आगो निभाउने उपकरण, फायरलाइन निर्माण, जलस्रोत संरक्षण तथा समुदाय-आधारित विपद् तयारीका लागि बाह्य सहयोग आवश्यक रहेको बताएका थिए ।

बैठकले डिभिजन वन कार्यालय, स्थानीय सरकार, प्रदेश तथा संघीय सरकार, गैरसरकारी संस्था, सुरक्षा निकाय र समुदायबीच प्रभावकारी समन्वय आवश्यक रहेको निष्कर्ष निकालेको गैडे सामुदायिक वनका सचिव सीता बेल्वासेले जानकारी दिइन् ।

# एकीकृत सामुदायिक विकास परियोजनाको सामाजिक लेखा परीक्षण

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, १३ पुस



गुड नेवर्स इन्टरनेशनल नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा सोनाहा विकास समाज, बर्दियामार्फत सञ्चालित एकीकृत सामुदायिक विकास परियोजनाको सामाजिक लेखा परीक्षण कार्यक्रम गेरुवा गाउँपालिकामा सम्पन्न भएको छ ।

गेरुवा गाउँपालिकाकी उपाध्यक्ष लक्ष्मी कुमारी चौधरीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा परियोजनाका संयोजक रत्न के.सी.ले सन् २०२५ जनवरीदेखि डिसेम्बरसम्म सञ्चालन गरिएका गतिविधि, प्राप्त उपलब्धि तथा खर्च विवरण सार्वजनिक गरेका थिए ।

बाल केन्द्रित उक्त परियोजनाले बालबालिकाको विद्यालय पहुँच सुनिश्चित गर्ने, विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि भौतिक तथा शैक्षिक सुधार कार्यक्रम सञ्चालन गर्ने, अभिभावकलाई आयआर्जनका लागि सहकारीसँग जोड्ने, बालबालिकाको नियमित स्वास्थ्य परीक्षण तथा स्वास्थ्य संस्थाको सुदृढीकरण गर्ने कार्य गर्दै आइरहेको छ । साथै बाल संरक्षण प्रवर्द्धन तथा बालविवाह अन्त्यका लागि निरन्तर वकालत र पैरवी गर्दै आइरहेको यस परियोजना स्थानीय तहमा उदाहरणीय बनेको गेरुवा गाउँपालिकाका सामाजिक शाखा प्रमुख एवं वडा नं. ३ का अध्यक्ष निर्मल चौधरीले बताए ।

कार्यक्रममा प्रमुख अतिथि उपाध्यक्ष चौधरीले स्थानीय तहको संरचना गठन हुनुअघि देखिनै गुड नेवर्स इन्टरनेशनल नेपाल तथा सहयोगी संस्था सोनाहा विकास समाजले बर्दिया जिल्लाको मधुवन, राजापुर नगरपालिका र गेरुवा गाउँपालिकामा शिक्षा, स्वास्थ्य, आयआर्जन, बाल संरक्षण तथा सामुदायिक विकासका क्षेत्रमा अग्रणी भूमिका निर्वाह गर्दै आएको उल्लेख गरिन् । उनले स्थानीय सरकार गठनपछि पनि नियमित समन्वय, सहकार्य तथा प्रत्यक्ष सहभागितामार्फत विकास निर्माणमा अतुलनीय योगदान पुऱ्याउँदै आएको भन्दै सोनाहा विकास समाजको प्रशंसा गरिन् ।

कार्यक्रममा राजापुर नगरपालिकाका जनप्रतिनिधि, गेरुवा गाउँपालिका वडा नं. १, २ र ३ का वडाध्यक्ष, विभिन्न विद्यालयका प्रधानाध्यापक, सहकारी अध्यक्ष, स्वास्थ्य सेवा प्रमुख, कृषि, शिक्षा तथा महिला, बालबालिका शाखाका प्रतिनिधि, बाल क्लब, महिला स्वयंसेविका तथा उद्यमीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

सामाजिक लेखा परीक्षणको खुला सत्रमा सहभागीहरूले ग्रामीण क्षेत्रका समुदाय तथा बालबालिकामा देखिएको अल्परक्तताको समस्या न्यूनीकरणका लागि जनस्वास्थ्य कार्यक्रम आवश्यक रहेको औंल्याएका थिए । साथै विद्यालय तथा समाजमा बढ्दो लागूऔषध दुरुपयोग नियन्त्रणका लागि प्रभावकारी पहल आवश्यक रहेकोमा जोड दिएका थिए ।

कार्यक्रममा प्रस्तुत विवरणअनुसार परियोजनाले कुल बजेटको ९८.५१ प्रतिशत खर्च गर्दै उल्लेखनीय उपलब्धि हासिल गरेको जानकारी दिइएको छ। हाल एक कार्यक्रम सञ्चालनमा रहेको र उक्त कार्यक्रम डिसेम्बर २०२५ भित्र सम्पन्न हुने जनाइएको छ ।

कार्यक्रमको अध्यक्षता सोनाहा विकास समाजका अध्यक्ष इन्द्र सोनाहाले गरेका थिए ।

# नेपालगन्ज नाकाबाट जडीबुटी निर्यात बढ्यो

**बाँके/मस–** चालु आर्थिक वर्षमा नेपालगञ्ज नाकाबाट जडीबुटी निर्यात बढेको छ। नेपालगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी पवित्रकुमार खड्काका अनुसार मंसिर मसान्तसम्म नेपालगञ्जबाट २५ करोडभन्दा बढीको जडीबुटी निर्यात भएको छ ।



सूचना अधिकारी खड्काका अनुसार उक्त अवधिमा २५ करोड २६ हजार बराबरको विभिन्न प्रकारका ८ लाख ४१ हजार ३३८ केजी जडीबुटी निर्यात भएका छन् । जुन गत वर्षको सोही अवधिको तुलनामा १० करोडभन्दा बढी हो । गत आवको सोही अवधिमा १४ करोड ६२ लाख ७९ हजारको जडीबुटी निर्यात भएको थियो ।

नेपालगञ्ज नाकाबाट विशेष गरी टिमुर, काउलो, सतुवा, बोझो, दालचिनी, अमलालगायत जडीबुटी निर्यात हुने गरेको छ । नेपालगञ्जबाट ८५ प्रतिशत जडीबुटी भारत निकासी हुने गरेको नेपालगञ्जस्थित जडीबुटी व्यवसायी संघका अध्यक्ष टंक शर्माले बताए। पछिल्लो केही वर्षमा जडीबुटी निर्यात पुनःबढेको उनको भनाइ छ ।

उनका अनुसार, हिमाली जिल्लामा जडीबुटी सङ्कलन इजाजत र छुट पुर्जी लिन सदरमुकाम जानुपर्ने झन्झट छ । साना व्यवसायीले जडीबुटी ओसारपसार गर्न नसक्ने अवस्था छ । पहिचान भइसकेका जडीबुटी प्लान्ट क्वारेन्टाइनमा सूचीकृत नहुँदा विदेश निर्यातमा समस्या हुने गरेको उनको भनाइ छ।

# शीतलहरले जनजीवन कष्टकर



**सुदूरपश्चिम/मस–** केही दिनदेखि कुहिरो र हुस्सुसँगै लगातार चलेको शीतलहरले कैलालीसहितका जिल्लाको जनजीवन कष्टकर बनेको छ । दिनभरि लाग्ने बाक्लो हुस्सु र कुहिरोसँगैको शीतलहरले कठ्यांग्रिने जाडो बढेपछि जनजीवन कष्टकर बनेको हो । लगातारको हुस्सुका कारण केही दिनदेखि कैलाली र कञ्चनपुरमा घाम झुल्किन पाएको छैन। चिसोका कारण जाडोको सामना गरिरहेका अधिकांश सर्वसाधारणलाई आगो ताप्न दाउराको समस्या भएको छ । चिसो बढेपछि धनगढी उपमहानगरपालिका, डिभिजन वन कार्यालय र सशस्त्र प्रहरी बलको संयुक्त प्रयासमा धनगढी बजारका कतिपय चोकमा निःशुल्क दाउरा वितरण गरिएको छ । शीतलहरले मजदुर, विद्यालय जाने बालबालिका तथा वृद्धवृद्धालाई बढी असर पुगेको छ ।

कैलालीको अत्तरियास्थित जल तथा मौसम विज्ञान विभागको महाकाली बेसिन फिल्ड कार्यालयका प्रमुख सञ्जय साहका अनुसार शीतलहरसँगै धनगढीको अधिकतम तापक्रम र न्यूनतम तापक्रमको अन्तर घट्दै गएको छ । चिसो बढ्दै जाँदा आइतबार धनगढीको अधिकतम तापक्रम १३ दशमलव तीन डिग्री सेल्सियस र न्यूनतम तापक्रम ११ डिग्री सेल्सियसमा पुगेको छ। उनले भने, 'अधिकतम तापक्रम र न्यूनतम तापक्रमको अन्तर घट्दै जाँदा जाडो बढेको हो, अझै केही दिन शीतलहर कायम रहने पूर्वाअनुमान छ।' बर्सेनी तराईका जिल्लामा देखिने शीतलहरको समस्याले जनजीवन नराम्रोसँग प्रभावित हुने गरेको छ । पहाडी क्षेत्रमा पारिलो घाम लाग्दा यतिबेला तराईका जिल्लालाई भने कुहिरो र हुस्सुले ढाकेको छ ।

शीतलहरले बढ्ने चिसोका कारण आलु, तोरी लगायतको हिँउदे बालीमा डढुवा रोगको समस्या देखिन थालेको किसानले बताएका छन् । डढुवा रोगको संक्रमणबाट बालीलाई जोगाउन किसानले ढुसी नाशक विषादी छर्किन थालेका छन्। यस्तो विषादी प्रत्येक सात/आठ दिनको फरकमा छर्किन सकेमा बाली जोगाउन सकिने धनगढी-१३ का किसान रामदिन राना बताउँछन् । निरन्तरको चिसोका कारण रातिको तापक्रम तीन डिग्री सेल्सियसभन्दा तल जाने र आद्रता बढ्न गई शीत पर्ने तथा चिसो मौसमको सुषुप्त अवस्थामा रहने ढुसी सक्रिय हुनगई आलु, गोलभेँडा लगायतको बोटमा डढुवाको संक्रमण देखिने गरेको कृषि प्रविधिकको भनाइ छ ।

**Paroha Municipality**
**Office of the Municipal Executive**
**Laukaha, Rauthat**
**Madhesh Pradesh, Nepal**

**Invitation For Electronic Bid**

**Invitation for Bids No: 03/082/083**
**Date of publication: _2082/09/14 ( 29th,Dec,2025)**

Paroha Municipality, Office of the Municipal Executive has allocated funds from its own resources & GoN towards the cost of following works and intends to apply the funds to cover eligible payments under the contract and is open to all eligible Nepalese Bidders.

| Contract ID No. | Description of Work | Cost of Bidding Document (NRs.) | Bid Bond Amount (NRs.) | Last Date and Time of Bid Submission | Rid Opening Date and Time | Date and Time of Pre-Bid Meating | Estimate Amount (NRs.) \|(Including VAT) |
|---|---|---|---|---|---|---|---|
| PAROHA/RAUT/EDU/W/04/082/083 | Construction of School Building of Sri Pra.Vi.Namanagara Paroha -5, Rautahat. | 3000.00 | 1,75,000 | 2082/10/15 (29th Jan,2026) | 2082/10/15 (29th Jan,2026) | 2082/09/30 (214th Jan,2026) | 63,88,697.38 |

1. Paroha Municipality, Office of the Municipal Executive invites electronic bids from eligible bidders for the following works.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Paroha Municipality, Office of the Municipal Executive, Laukaha, Rautahat, Madhesh Province, Nepal during office hours or may visit PPMO website www.bolpatra.gov.np/egp
3. A complete set of Bidding Documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov. np/egp. Interested bidders shall register in the e-GP system and deposit the above mentioned cost of bidding document states as below.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Parbhu Bank     Name of Office : Paroha Nagarpalika,
   Account Name . : GA-1.1 PAROHA NA.PA.ANTARIK RAJASWO KHATA
   Account no.: 1490113664300015     Cost of Bid Doc Fee : NRs. 3000.00
4. Pre-bid meeting shall be held at Paroha Municipality, Office of the Municipal Executive, Laukaha, Rautahat, Madhesh Province, Nepal on above mentioned date and time.
5. Electronic bids must through PPMO website www.bolpatra.gov.np/egp on or before above mentioned date and time. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on above mentioned date and time at the office of Paroha Municipality nd Office of the Municipal Executive, Laukaha, Rautahat, and Madhesh Province, Nepal. Bids must be valid for a period of 90 days after bid opening in case of NCB and must be accompanied by a scanned copy of the bid security in pdf format in case of e-bid, amounting to as mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
7. The bid security may either be in the form of a bid security issued by authorized Financial Institution according to format provided in Bid Document or cash deposited in Paroha Municipality, Deposit account, Prabhu Bank Ltd., Account No. 1490113664300041.
8. The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to contract award, without thereby incurring any liability to Bidders
9. If the date of opening/date of pre-bid meeting falls on public holiday then the work to be done will be postponed for the next working day.

**Chief Administrative Officer**
**Paroha Municipality**

# शिक्षित प्रदेश घोषणा गर्ने तयारीमा छौं : मुख्यमन्त्री आचार्य

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
भालुवाङ, १३ पुस




लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेशलाई अब साक्षर प्रदेशबाट शिक्षित प्रदेशको रूपमा घोषणा गर्ने गरी प्रदेश सरकार प्राथमिकताका साथ अगाडि बढिरहेको बताएका छन् ।

आइतबार राप्ती उपत्यका (देउखुरी)मा आयोजित लुम्बिनी प्रदेश साक्षर घोषणा कार्यक्रममा सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले शिक्षक, विद्यार्थी, अभिभावकसहित सबै सरोकारवालाको अथक प्रयासका कारण साक्षर प्रदेश घोषणा सम्भव भएको उल्लेख गरे । उनले साक्षरतालाई दीगो रूपमा अघि बढाउने जिम्मेवारी सबैको साझा हुने बताए । 'घोषणा आफैंमा ठूलो कुरा होइन। साक्षरतालाई टिकाइराख्नु मुख्य विषय हो। अब हामी साक्षरबाट शिक्षित प्रदेश घोषणा गर्ने दिशातर्फ छिट्टै अघि बढ्नुपर्छ,' मुख्यमन्त्री आचार्यले भने, 'यससँगै प्रदेशलाई दुर्व्यसनमुक्त बनाउने अभियान पनि सशक्त रूपमा अघि बढाउन आवश्यक छ ।' मुख्यमन्त्री आचार्यले नवयुवाहरू दुर्व्यसनमा फस्नु चिन्ताको विषय भएको उल्लेख गर्दै दुर्व्यसनमुक्त प्रदेश बनाउने विषय सबैको साझा संकल्प हुनुपर्ने जिकिर गरे । साथै, प्रदेश सरकारले सामाजिक विकासलाई प्राथमिकतामा राख्दै नीति तथा कार्यक्रम तथा कानुन निर्माणमा निरन्तर जोड दिँदै आएको स्पष्ट पारे ।

प्रदेशमा साक्षरताको मापदण्ड पूरा भई १५ देखि ६० वर्ष उमेर समूहको औसत साक्षरता दर ९६.१६ प्रतिशत पुगेकाले लुम्बिनी प्रदेशलाई साक्षर प्रदेश घोषणा गरिएको मुख्यमन्त्री आचार्यले जानकारी दिए । लुम्बिनी प्रदेशमा पाँच हजार सात सय २२ सामुदायिक बालविकास केन्द्र, चार हजार चार सय ३९ सामुदायिक विद्यालय, तीन वटा विश्वविद्यालय, एक सय ८७ क्याम्पस तथा तीन सय २९ सामुदायिक सिकाइ केन्द्र रहेका छन् । प्रदेशभर विद्यालय तहमा १२ लाख ४६ हजार २ सय ७२ विद्यार्थी अध्ययनरत रहेको जानकारी दिइएको थियो ।

सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिनाको अध्यक्षता तथा मुख्यमन्त्री आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा मन्त्री तिमिल्सिनाले प्रदेशको शैक्षिक गुणस्तर वृद्धि गर्न सबैको साझा प्रयास आवश्यक रहेको बताए । उनले अझै विद्यालय बाहिर रहेका ४२ हजार विद्यार्थीलाई विद्यालय शिक्षामा ल्याउन सक्रियता बढाउनुपर्नेमा जोड दिए ।

सभामुख तुलाराम घर्तिमगरले सामाजिक न्यायसँग जोडिएका ऐन निर्माण गर्न आवश्यक रहेको बताए । उनले प्रदेशमा भाषा ऐन आवश्यक रहेको उल्लेख गर्दै भाषा, संस्कृति र सभ्यताको संरक्षण तथा पहिचानका लागि अपरिहार्य भएको धारणा राखे । भौतिक संरचनामा मात्र होइन, अब बौद्धिक क्षेत्रमा पनि लगानी बढाउनुपर्ने उनको भनाइ थियो ।

पूर्वमुख्यमन्त्री डिल्लीबहादुर चौधरीले साक्षरतालाई आयआर्जनसँग जोड्नुपर्ने आवश्यकता औंल्याउँदै साक्षरता अभियानलाई अझ फराकिलो ढंगले अघि बढाउनुपर्ने बताए ।

कार्यक्रममा लुम्बिनी प्रदेश प्राविधिक विश्वविद्यालयका उपकुलपति प्रा.डा.विनोदप्रसाद ढकाल, बौद्ध विश्वविद्यालयका उपकुलपति प्रा.डा.सुवर्णलाल बज्राचार्य, प्रदेशका प्रमुख सचिव कृष्णप्रसाद काप्री, जिल्ला समन्वय समितिका प्रमुख उमाकान्त चापागाईं, प्रदेश योजना आयोगका उपाध्यक्ष डा.डिल्लीराज अर्याल, बारबर्दिया नगरपालिकाका प्रमुख छविलाल थारु, घोराही उपमहानगरपालिकाका प्रमुख नरुलाल चौधरी, पूर्वप्राध्यापक प्रेम शाह, विद्यार्थी सृष्टिका भट्टराई र ओजस्वी आचार्यलगायतले आ-आफ्ना धारणा राखेका थिए ।

सामाजिक विकास मन्त्रालयका सचिव दिवाकर भण्डारीले स्वागत मन्तव्य व्यक्त गरेको कार्यक्रममा शिक्षा तथा सामाजिक विकास निर्देशनालयका निमित्त निर्देशक हरिलाल अर्यालले प्रतिवेदन प्रस्तुत गरेका थिए । साक्षर प्रदेश घोषणा अभियानमा योगदान पुऱ्याउने विभिन्न व्यक्ति तथा संस्थालाई सम्मान गरिएको थियो । कार्यक्रमको सहजीकरण उपसचिव ऋषिराज शर्मा र वरिष्ठ शिक्षा अधिकृत वेगम केसीले गरेका थिए ।

# करदाता सेवा कार्यालय खारेजविरुद्ध रौतहट उद्योग वाणिज्य संघको धर्ना

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, १३ पुस




सरकारले रौतहटको सदरमुकाम गौरस्थित करदाता सेवा कार्यालय हटाउने निर्णय गरेपछि जिल्लाका उद्योगी र व्यवसायीहरू आन्दोलित भएका छन् ।

उक्त निर्णयको विरोधमा आइतबारदेखि रौतहट उद्योग वाणिज्य संघले करदाता सेवा कार्यालयको मूल गेटमै अनिश्चितकालीन धर्ना कार्यक्रम सुरु गरेको छ ।

संघीय सरकारले प्रशासनिक खर्च कटौती वा अन्य प्राविधिक कारण देखाउँदै जिल्लास्थित कार्यालय खारेज गर्ने तयारी गरेपछि स्थानीय व्यवसायीहरूले यसलाई व्यवसाय विरोधी कदम भन्दै कडा आपत्ति जनाएका छन् ।

धर्ना कार्यक्रममा सहभागी व्यवसायीहरूले कार्यालय हटाइएमा रौतहटका हजारौं करदाताहरूलाई सामान्य सेवाका लागि पनि छिमेकी जिल्ला बारा वा पर्सा धाउनुपर्ने बाध्यता सिर्जना हुने बताए ।

कर तिर्न, व्यक्तिगत वा व्यावसायिक विवरण बुझाउन र अन्य प्रशासनिक कामका लागि टाढा जानुपर्दा समय र खर्च दुवै बढ्ने, स्थानीय स्तरमा सरकारी सेवाको अनुपस्थितिले आर्थिक गतिविधि सुस्त हुने र साना व्यवसायीहरूलाई कानुनी प्रक्रिया झन्झटिलो हुने, संघले सरकारलाई यो अव्यवहारिक निर्णय तत्काल फिर्ता लिन र करदातालाई पायक पर्ने स्थानमै सेवा सुनिश्चित गर्न माग गरेको छ ।

धर्नालाई सम्बोधन गर्दै रौतहट उद्योग वाणिज्य संघका पदाधिकारीहरूले करदाता सेवा कार्यालय जिल्लामै रहनु आर्थिक प्रवर्द्धनका लागि अनिवार्य रहेको उल्लेख गरे । संघका अध्यक्ष रविन्द्रनाथ गोपालीले भने, 'हामी कर तिर्न तयार छौं, तर राज्यले सेवा लिनका लागि सास्ती दिनुहुँदैन। यदि सरकारले हाम्रो मागलाई बेवास्ता गरेमा आन्दोलनलाई थप सशक्त र ठप्प बनाउने गरी अगाडि बढाउनेछौं ।'

धर्ना कार्यक्रममा रौतहटका विभिन्न व्यवसायी नागरिक समाजका प्रतिनिधि र स्थानीय सरोकारवालाहरूको उल्लेख्य सहभागिता रहेको थियो । व्यवसायीहरूले करदाताको सम्मान गर, राजस्व कार्यालय हटाउन पाइँदैन' जस्ता नाराहरू लेखिएका प्लेकार्ड समेत प्रदर्शन गरेका थिए ।

यस विषयमा आन्तरिक राजस्व विभाग वा सम्बन्धित मन्त्रालयबाट हालसम्म कुनै आधिकारिक प्रतिक्रिया आएको छैन । माग पूरा नभएसम्म धर्ना र विरोधका कार्यक्रमहरू जारी रहने संघले घोषणा गरेको हो ।

**Glen Appliance Pvt. Ltd, India बाट आयात गरिएको Fryer को अधिकतम खुद्रा बिक्री मुल्य सूचि**
Vat:300045321

| S.N. | Description of Goods | Model No: | Brand | Country of Origin | MRP (Per Unit) |
|---|---|---|---|---|---|
| 1 | Fryer | SA3042DBL Fryer 6.0 L | Glen | India | 9465/- |

**Classic Traders Pvt. Ltd.**
Ward No. 11, Tripureshwor, Ktm, Nepal, Ph: 9851415656

**साउदीमा रोजगार**
कम्पनी : Ali Ahmed Al-Draiweesh
शहर: Saudi Arabia, Riyadh
पूर्व स्वीकृती मिति : २०८२/०९/१३ चलानी नं. ६०२४९६९१ LT No. 336109

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Loading & Unloading Worker/ Helper | 1 | काममा दक्ष | 1000 | ३८,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | कम्पनीले | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | कामदार आफैंले | रु ७००/- कामदार आफैंले | रु १५००/- कामदार आफैंले | नि:शुल्क | नि:शुल्क |

अन्तरवार्ता म्यानपावरको कार्यालय काठमाडौंमा २०८२ पुष २१ गते (5 Jan, 2026) मा हुनेछ ।

Empire International Pvt. Ltd.
Shantinagar, Kathmandu, Nepal
Phone No: 01-4621348, 4620715
E-mail: jobs@empirenepal.com
Lic. No. 695/063/064

**साउदीमा रोजगार**
कम्पनी: GOLDEN PEAK CONTRACTING ESTABLISHMENT शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०९/११ चलानी नं.: ६०२४९७११ L.T. No.: 335987

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३८,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: L&T HYDROCARBON SAUDI COMPANY शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०८२/०९/१३ चलानी नं.: ६०२४९७१० L.T. No.: 336140

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 300 | 0 | स. काममा दक्ष | 1000 | ३८,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मण्डप ब्याङ्क्वयट काठमाडौंमा २०८२ पुस २१ गते (5 January 2026) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस २२ गते (6 January 2026) मा हुनेछ ।
अन्तर्वार्ता पिआइटी ट्रेनिङ सेन्टर जनकपुरमा २०८२ पुस २३ र २५ गते (7&9 January 2026) मा हुनेछ ।
अन्तर्वार्ता मा धामिनि ट्रेनिङ सेन्टर सिराहामा २०८२ पुस २४ गते (8 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

Lulu International Pvt. Ltd.
Samakhushi-26, Kathmandu, Tel: 01-4987011 | 01-4970151
Mob.: 9851083549 | 9802087028 | 9818065184
Govt. Lic. No. 1035/072/073

**Panchadewal Binayak Municipality**
**Office of Municipal Executive**
Binayak, Achham
Sudurpashchim Province, Nepal

**Invitation for Bids No: PBM/NCB/2082-083/W/04-RB**

**Date of Re-publication: 2082/09/14 (29 Dec, 2025)**

1. ***Panchadewal Binayak Municipality, Binayak-Achham*** invites sealed bids or electronic bids from eligible bidders for the construction ***Upgrading of Madhyapahadi Lokmarg – 4 No. Ward Office Road*** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***3,03,85,000/-***
   - Minimum Work experience of similar size and nature: ***81,03,000/-***
2. Sealed or electronic bids must be submittethrough PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before ***12:00 PM*** on 2082/10/14 (28 Jan, 2026) **.** The bids will be opened in the presence of Bidders' representatives who choose to attend at www.bolpatra.gov.np/egpon or before ***2:00 PM*** on 2082/10/14 (28 Jan, 2026). For More Details, bidders may contact at Panchadewal Binayak Municiaplity through any medium as stated.
   Following

| S. N. | Contract Id | Description of works | Bid Security Amount in NRs. | Bid Document Cost (NRs.) (Non-Refundable) |
|---|---|---|---|---|
| 1 | PBM/NCB/2082-083/W/04-RB | Upgrading of Madhyapahadi Lokmarg – 4 No. Ward Office Road | Rs. 6,07,000/- | 5,000.00/- |

**थलारा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खोली, बझाङ**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**
**सूचना नं. २०८२/८३- ४७**
**प्रथम पटक सूचना प्रकाशन मिति: २०८२/०९/१४**

थलारा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय खोली, बझाङ्गबाट खुल्ला बोलपत्र आह्वानका लागि मिति २०८२/०८/०१ गते प्रकाशित सूचना बमोजिम विद्युतीय खरिद प्रणाली (e–GP) का माध्यमबाट पेश भएका बोलपत्रहरू मध्ये मूल्याङ्कन समितिको निर्णयानुसार सारभूत रूपमा प्रभावग्राही न्यूनमूल्याङ्कित देहाएका बोलपत्र स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| बोलपत्र नं. | कामको विवरण | सफल बोलपत्रदाताको नाम | कबोल अंक (मू.अ.क. सहित) |
|---|---|---|---|
| NCB/TRM/GOODS/05/2082-83 | Procurement and Supply of 2 Seater Bench Desk Set for Educational Quality Improvement Program of Federal Government Special Grant Package-2 | मष्टा लटाहित फर्निचर उद्योग, थलारा | २३,२३,९९९.९९/- |

**प्रमुख प्रशासकीय अधिकृत**

**कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना**
(प्रकाशित मिति २०८२ साल पुष महिना १४ गते सोमबार)

यस विकास बैंकको शाखा कार्यालय गुलरियाबाट तपशिलमा उल्लेखित विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) कर्जा शीर्षक : व्यावसायिक कृषि तथा पशुपंक्षी कर्जा**

**ऋणीको विवरण**
नाम : **चमार पशुपंक्षी फर्म** प्रोप्राइटरको नाम : राम चन्द्र चमार दर्ता नं. : ६०७
दर्ता गर्ने कार्यालय : गाउँ कार्यपालिकाको कार्यलय, बर्दिया दर्ता मिति : २०७८/०२/२६
रजिष्टर्ड ठेगाना : बर्दिया जिल्ला बढैयाताल गा.पा. वडा नं. ८ स्थायी लेखा नं. : ६१५९६८२६९

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**
१) गंगा चमारको नाति मथुरा चमारको छोरा बर्दिया जिल्ला कालिका गा.वि.स. वडा नं. ८ हाल, बढैयाताल गा.पा. वडा नं. ८ बस्ने **राम चन्द्र चमार** (ना.प्र.नं. : २०४५ जारी मिति र जिल्ला : २०४६/०२/२७, बर्दिया)
२) धनइ रैदासको छोरी मथुरा चमारको बुहारी राम चन्द्र चमारको पत्नी बर्दिया जिल्ला बढैयाताल गा.पा. वडा नं. ८ बस्ने **रेश्मा रैदास** (ना.प्र.नं. : ६५-०१-७६-०३५६० जारी मिति र जिल्ला : २०७६/०५/०१, बर्दिया)
३) मथुरा चमारको नाति रामचन्द्र चमारको छोरा बर्दिया जिल्ला कालिका गा.वि.स. वडा नं. ८ हाल, बढैयाताल गा.पा. वडा नं. ८ बस्ने **ऋषि रैदास** (ना.प्र.नं. : ६५-०१-७०-०४६४८ जारी मिति र जिल्ला : २०७०/०९/१४, बर्दिया)
४) मिठ्ठु चमारको नाति दुजी चमारको छोरा बर्दिया जिल्ला महम्मदपुर गा.वि.स. वडा नं. ७ हाल, गुलरिया न.पा. वडा नं. ११ बस्ने **कलिराम चमार** (ना.प्र.नं. : ६५१००८-२२२ जारी मिति र जिल्ला : २०६५/०९/१४, बर्दिया)

**२) कर्जा शीर्षक : साना व्यक्तिगत कर्जा**

**ऋणीको विवरण**
